(सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ५(३) तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको)

# २०८३ साल श्रावण १ गते देखि २०८३ साल असोज मसान्तसम्म सम्पादित प्रमुख क्रियाकलापहरु समेटी तयार पारिएको

(स्वतः प्रकाशन)


नेपाल सरकार

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरवार, काठमाडौ

फोनः ०१-४२००३०६ इमेल: goodgov.section@mofaga.gov.np


२०८३ कार्तिक १३

२०८३ साल श्रावण १ गते देखि २०८३ साल असोज मसान्तसम्म सम्पादित प्रमुख क्रियाकलापहरु समेटी तयार पारिएको (स्वत: प्रकाशन)

---

प्रकाशक: नेपाल सरकार
भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
कानून महाशाखा
सुशासन प्रवर्द्धन शाखा

फोन नं.: ०१-४२००३०६

वेवसाइट: www.molcfaga.gov.np

इमेल: goodgov.section@mofaga.gov.np

प्रकाशन: २०८३ कार्तिक १३

# बिषयसूची


| क्र.सं. | विवरण | पेज नं. |
|---|---|---|
| १. | मन्त्रालयको स्वरुप र प्रकृति | १ |
| २. | मन्त्रालयका कार्यहरु | २ |
| ३. | मन्त्रालयको संगठन संरचना, कर्मचारी संख्या एवं कार्य विवरण | ४ |
| ४. | मन्त्रालयबाट प्रदान गरिने सेवा | ११ |
| ५. | मन्त्रालयका महाशाखा, शाखा र जिम्मेवार अधिकारी | १४ |
| ६. | सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि | १५ |
| ७. | निवेदन उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी | १६ |
| ८. | निर्णय उपर उजुरी सुन्ने अधिकारी | १६ |
| ९. | मन्त्रालय र अन्तर्गका निकायबाट सम्पादित मुख्य मुख्य कामको विवरण | १६ |
| १०. | सूचना अधिकारी, प्रवक्ता र प्रमुखको नाम पद | ३८ |
| ११. | मन्त्रालयका सूचनाहरु अन्यत्र प्रकाशन भएको विवरण | ३८ |
| १२. | मन्त्रालय/निकायमा परेको सूचना माग सम्बन्धी निवेदन | ३८ |
| १३. | मन्त्रालयले गरेको सूचना सम्बन्धी थप कामहरु | ३९ |
| १४. | मन्त्रालयले गरेका कार्यक्रम र सो को प्रतिवेदन | ३९ |
| १५. | मन्त्रालयले बर्गीकरण तथा संरक्षण गरेका सूचना | ३९ |
| १६. | ऐन नियम तथा निर्देशिकाको सूची | ३९ |

## १. मन्त्रालयको स्वरुप र प्रकृति

नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०८३ को अनुसुची- १ बमोजिम साविकको भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई एकिकृत गरी भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको स्थापना भएको छ । नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०८३ लाई मिति २०८३।०१।३० गते राजपत्रमा प्रकाशित गरे पश्चात भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले विधिवत रुपमा कार्यविभाजन नियमावलीमा भएको व्यवस्था बमोजिम आफ्नो जिम्मेवारी अनुरुपको कार्य गर्दै आईरहेको छ। नेपाल सरकार मन्त्रिपरिषदको मिति २०८३/०३/३२ निर्णयानुसार संगठन संरचना र दरवन्दी स्वीकृत भए पश्चात आर्थिक वर्ष २०८३/०८४ को वार्षिक वजेट समेतलाई एकिकृत गरी अख्तियारी प्राप्त भई कार्यान्वयनको चरणमा रहेको छ । यस मन्त्रालयबाट बाट मुख्यतया संघ, प्रदेश र स्थानीय तहमा कर्मचारीको व्यवस्थापन, विकास, निर्माण, सुशासन, सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउने, सहकारीसम्बन्धि राष्ट्रिय नीति, कानून र मापदण्ड तयार गर्ने तथा भूमि सम्बन्धी नीति, कानून, मापदण्ड तयार गर्ने जस्ता विषयमा यस मन्त्रालयको भूमिका केन्द्रित रहेको छ। नेपालको भूमि प्रशासन, नापजाँच तथा भू-अभिलेख व्यवस्थापन, सहकारी क्षेत्रको प्रवर्द्धन र नियमन, सङ्घ, प्रदेश र स्थानीय तहबीचको अन्तरसरकारी सम्बन्ध तथा समन्वय र सङ्घीय निजामती सेवा लगायत सरकारी सेवाको सञ्चालन र व्यवस्थापन गर्ने व्यापक जिम्मेवारी बहन गर्दछ।

नेपालको संविधानमा उल्लेखित स्थानीय सरकारको जिम्मेवारी तथा कार्यक्षेत्र, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७५ तथा यस मन्त्रालयबाट जारी भएका परिपत्र तथा मार्गदर्शन बमोजिम स्थानीय तहहरुसँग समन्वय, सहयोग, सहजीकरण र पृष्ठपोषण प्रदान गर्नुका साथै यस मन्त्रालयले विकासका विभिन्न साझेदारहरुको सहयोगमा सञ्चालित परियोजना/कार्यक्रमको समन्वय, सहयोग, सहजीकरण र सहकार्यको क्षेत्रमा समेत प्रभावकारी भूमिका निर्वाह गर्दै आएको छ ।यसका साथै समावेशीकरण, सामाजिक परिचालन, आदिवासी, जनजाति, दलित, सीमान्तीकृत, उत्पीडित वर्ग एवम् समुदायको क्षमता विकास र सशक्तिकरणका लागि विविध प्रयासहरु समेत यस मन्त्रालयले गर्दै आएको छ ।

मन्त्रालयको अर्को महत्वपूर्ण कार्य जिम्मेवारी अन्तर्गत सहकारीसम्बन्धि राष्ट्रिय नीति, कानून र मापदण्ड तयार गर्नुको साथै यससम्बन्धि तथ्याङ्क ब्यवस्थापन गरी सहकारीमार्फत हुने बचत तथा ऋण परिचालनलाई नियमन गरी सहकारी क्षेत्रलाई विकासको एउटा आधारको रुपमा ब्यवस्थित गर्नु रहेको छ ।

भूमिसम्बन्धि नीति, भू-उपयोग नीति, कानून, मापदण्ड तयार गरी उपलब्ध भूमिको उपयुक्तरुपले अधिकतम प्रयोग गर्ने ब्यवस्था मिलाई निजी, सरकारी, गुठी, सामुदायिक, पर्ती तथा सार्वजनिक जग्गाको अभिलेख ब्यवस्थापन र संरक्षण गरी राष्ट्रिय भू-सूचना प्रणाली र भौगोलिक सूचना पूर्वाधारको विकास गर्नुको साथै भूमिहीन, दलित, मुक्तकमैया, हलिया, हरवा, चरवाको पुनर्स्थापना सम्बन्धि कार्य यस मन्त्रालयको अर्को महत्वपूर्ण जिम्मेवारी अन्तर्गत रहेका छन् ।

नेपालको संविधान, २०७२ को धारा २९५ को उपधारा ३ बमोजिम गठन भएका गाउँपालिका, नगरपालिका मिति २०७३।११।२७ देखि लागू हुने गरी ६ वटा महानगरपालिका, ११ वटा उपमहानगरपालिका २७६ वटा नगरपालिका, ४६० वटा गाउँपालिका गरी ७५३ वटा गाउँपालिका र नगरपालिका कायम भएको छ । जसबाट जनताको अधिकार जनताकै घरदैलोमा पुगेको छ । भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन



नेपाल सरकार
भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

मन्त्रालय अन्तर्गत भूमि व्यवस्थापन तथा अभिलेख विभाग, नापी विभाग, सहकारी रजिष्ट्रारको कार्यालय, निजामती कर्मचारी अस्पताल, राष्ट्रिय किताबखाना (निजामती), नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र, राष्ट्रिय सहकारी नियमन प्राधिकरण, समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालय, भूमि समस्या समाधान समिति रहेका छन भने ७७ वटा जिल्ला समन्वय समिति क्रियाशील रहेका छन् ।

**<u>स्थानीय तहको विवरण</u>**

| | |
|---|---|
| जि.स.स. | ७७ |
| गाउँपालिका | ४६० |
| नगरपालिका | २७६ |
| उपमहानगरपालिका | ११ |
| महानगरपालिका | ६ |
| म.न.पा. वडा | १७४ |
| उ.म.न.पा वडा | २३४ |
| न.पा वडा | ३११९ |
| गा.पा. वडा | ३२१६ |
| जम्मा वडा संख्या | ६७४३ |

नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०८३ बमोजिम एकिकृत भएको मन्त्रालयका कार्यहरु तपशिल बमोजिम रहेका छन् ।

## १. मन्त्रालयका कार्यहरुः

नेपालको संविधानको धारा ८२ को उपधारा (१) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार, मन्त्रिपरिषद्ले नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०८३ तर्जुमा गरी भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको कार्यहरु देहाय बमोजिम तोकेको छः

- सहकारीसम्बन्धी राष्ट्रिय नीति, कानून र मापदण्ड;
- सहकारी बैठकसम्बन्धी;
- सहकारीसम्बन्धी राष्ट्रिय तथ्याङ्क व्यवस्थापन, अध्ययन, अनुसन्धान र अनुगमन;
- सहकारीसम्बन्धी राष्ट्रिय सङ्घ संस्थाहरूसँग सम्बन्ध र अन्तर प्रादेशिक समन्वय;
- सहकारीमार्फत हुने बचत तथा ऋण परिचालन सम्बन्धी मापदण्ड र नियमन;
- भूमि नीति, भू-उपयोग नीति, कानून, मापदण्ड र नियमन;
- अन्तर्राष्ट्रिय सीमाको नक्साङ्कन, अभिलेख;
- सीमा स्तम्भहरूको निर्माण, मर्मत सम्भार तथा अभिलेख व्यवस्थापन;
- भूमिको उपयोग, क्षमता र उपयुक्तताको नक्साङ्कन;
- पुनर्वाससम्बन्धी नीति, कानून, मापदण्ड र नियमन;

- निजी, सरकारी, गुठी, सामुदायिक तथा सार्वजनिक जग्गाको राष्ट्रिय अभिलेख व्यवस्थापन;
- सरकारी, सार्वजनिक, गुठी, सामुदायिक तथा पर्ती जग्गाको संरक्षण;
- भूमिसुधार तथा व्यवस्थापन;
- राष्ट्रिय भू-सूचना प्रणाली र भौगोलिक सूचना पूर्वाधार;
- भूमिहीन, दलित, मुक्तकमैया, हलिया, हरवा, चरवाको पुनर्स्थापना सम्बन्धी नीति र मापदण्ड;
- जग्गाको हक हस्तान्तरण सम्बन्धी मापदण्ड;
- जग्गाको नाप नक्साको आधारभूत नियन्त्रण विन्दु र सञ्जाल;
- जियोडेटिक र स्थल रूप नाप नक्सा;
- प्रदेश र स्थानीय तहको सीमाको नक्साङ्कन र अभिलेख;
- सर्वे लाइसेन्स;
- संघीय निजामती तथा अन्य संघीय सरकारी सेवाका निवृत्तभरण लगायत अवकाशजन्य सुविधाहरूसम्बन्धी नीति, मापदण्ड र व्यवस्थापन;
- संघीय कर्मचारी निकायसम्बन्धी कार्य;
- सार्वजनिक सेवा प्रवाहसम्बन्धी नीति, कानून र मापदण्ड;
- सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण, सङ्गठन संरचना तथा दरबन्दी निर्धारणसम्बन्धी नीति, मापदण्ड, कार्यान्वयन र समन्वय;
- प्रशासनिक सुधारसम्बन्धी नीति, योजना, समायोजन र समन्वय
- संघीय निजामती सेवा र अन्य सरकारी सेवा सञ्चालनसम्बन्धी नीति, कानून, मापदण्ड तथा सेवा, समूह र उपसमूहको व्यवस्थापन;
- संघीय निजामती सेवा र अन्य संघीय सरकारी सेवाहरूको व्यवस्थापन, संघ, प्रदेश र स्थानीय तहमा समायोजन र अन्तरप्रदेश कर्मचारी समन्वय एवम् व्यवस्थापन;
- कर्मचारी कल्याणसम्बन्धी नीति, कानून र मापदण्ड;
- संघ, प्रदेश र स्थानीय तहको दरबन्दी सिर्जनासम्बन्धी नीति र मापदण्ड;
- बढुवा समितिको सचिवालय;
- संघीय निजामती तथा अन्य संघीय सरकारी सेवाका पदाधिकारीको सेवा, सर्त र सुविधा;
- संघ, प्रदेश र स्थानीय तहका कर्मचारीहरूको न्यूनतम शैक्षिक योग्यतासम्बन्धी नीति, कानून र मापदण्ड;
- स्थानीय तहको सार्वजनिक पदाधिकारीको सुविधासम्बन्धी नीति र मापदण्ड;
- संघीय निजामती तथा अन्य संघीय सरकारी सेवाको तालिमसम्बन्धी नीति, कानून, मापदण्ड, अध्ययन, अनुसन्धान र विकास;
- सार्वजनिक पदाधिकारीहरूको क्षमता विकाससम्बन्धी नीति र मापदण्ड;
- प्रदेश र स्थानीय तहको क्षमता विकास, पारदर्शिता, जनसहभागिता र जवाफदेहिता प्रवर्द्धन;
- प्रशासकीय अभिलेख र तथ्याङ्क;
- निजामती अस्पताल, नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान;
- संघ, प्रदेश र स्थानीय तहबीचको सम्पर्क र समन्वय;



नेपाल सरकार
सिंहदरबार, काठमाडौं

- स्थानीय तहको सङ्ख्या, सिमाना, वडा र केन्द्र निर्धारणसम्बन्धी नीति, मापदण्ड, कार्यान्वयन र सहजीकरण;
- विशेष, संरक्षित र स्वायत्त क्षेत्रको सीमाङ्कन र संरचनासम्बन्धी नीति, कानून र मापदण्ड;
- स्थानीय तहका पदाधिकारी तथा कर्मचारीको वैदेशिक भ्रमणसम्बन्धी नीति, कानून र मापदण्ड;
- मन्त्रालयसम्बन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय सङ्घसंस्थासँग सन्धि, सम्झौता, सम्पर्क र समन्वय;
- मन्त्रालयसम्बन्धी सार्वजनिक संस्थान, प्राधिकरण, समिति, बोर्ड, केन्द्र, प्रतिष्ठान, कम्पनी आदिको सञ्चालन र नियमन;
- नेपाल प्रशासन सेवा, नेपाल आर्थिक योजना तथा तथ्यांक सेवा र नेपाल विविध र नेपाल इन्जिनियरिङ सेवा, सिभिल इन्जिनियरिङ समूहको जनरल उपसमूहको सेवाको सञ्चालन

## २. भूमि व्यवस्था, सहकारी, संघीय मामिला, सामान्य प्रशासन मन्त्रालयको संगठन संरचना, तेरिज एवम् कार्य विवरण

### (क) संगठन संरचना



(ख) दरवन्दी तेरिज

| क्र.स. | पद | श्रेणी | सेवा | समूह | उपसमूह | कूल दरबन्दी |
|---|---|---|---|---|---|---|
| १ | सचिव | विशिष्ट | | | | १ |
| २ | सहसचिव | रा.प.प्रथम | प्रशासन | | | ४ |
| ३ | सहसचिव | रा.प.प्रथम | कानून | | | १ |
| ४ | सहसचिव | रा.प.प्रथम | इन्जिनियरिङ | सर्भे | | १ |
| ५ | उपसचिव | रा.प.द्वितीय | प्रशासन | सा.प्रशासन | | १९ |
| ६ | उपसचिव | रा.प.द्वितीय | प्रशासन | लेखा | | १ |
| ७ | उपसचिव | रा.प.द्वितीय | न्याय | कानून | | २ |
| ८ | उपसचिव | रा.प.द्वितीय | इन्जिनियरिङ | सर्भे | | १ |
| ९ | निर्देशक (कम्प्युटर) | रा.प.द्वितीय | विविध | | | १ |
| १० | प्रमुख पुस्तकालय अधिकृत | रा.प.द्वितीय | शिक्षा | पुस्तकालय | | १ |
| ११ | शाखा अधिकृत | रा.प.तृतीय | प्रशासन | सा.प्रशासन | | ३७ |
| १२ | लेखा अधिकृत | रा.प.तृतीय | प्रशासन | लेखा | | २ |
| १३ | कानून अधिकृत | रा.प.तृतीय | न्याय | कानून | | १ |
| १४ | कम्प्युटर ईन्जिनीयर | रा.प.तृतीय | विविध | | | १ |
| १५ | कम्प्युटर अधिकृत | रा.प.तृतीय | विविध | | | १ |
| १६ | नापी अधिकृत | रा.प.तृतीय | इन्जिनियरिङ | सर्भे | | ३ |
| १७ | तथ्यांक अधिकृत | रा.प.तृतीय | आ.यो.त त. | तथ्यांक | | १ |
| १८ | नायव सुव्वा | रा.प.अनं.प्र. | प्रशासन | सा.प्रशासन | | १६ |
| १९ | लेखापाल | रा.प.अनं.प्र. | प्रशासन | लेखा | | २ |
| २० | कम्प्युटर अपरेटर | रा.प.अनं.प्र. | विविध | | | ७ |
| २१ | पुस्तकालय सहायक | रा.प.अनं.प्र. | शिक्षा | पुस्तकालय | | १ |
| २२ | टाइपिष्ट ना.सु. | रा.प.अनं.प्र. | प्रशासन | सा.प्रशासन | | २ |
| २३ | सर्भेक्षक | रा.प.अनं.प्र. | इन्जिनियरिङ | सर्भे | | १ |
| २४ | हलुका सवारी चालक | श्रेणी विहीन | इन्जि | मे.ई. | ज.मे. | १५ |
| २५ | कार्यालय सहयोगी | श्रेणी विहीन | प्रशासन | सा.प्र. | | १८ |
| जम्मा | | | | | | १४० |

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

## (ग) कार्य विवरण

भूमि व्यवस्थापन महाशाखा

**(१) भूमि सम्बन्धी राष्ट्रिय नीति, ऐन, कानून तथा मापदण्ड तर्जुमा, संशोधन कार्यान्वयन एवं नियमन सम्बन्धी कार्य**

- जग्गा नापजाँच, दर्ता तथा अभिलेख व्यवस्थापन सम्बन्धी
- घरजग्गाको हक/स्वामित्व हस्तान्तरण तथा द्वैध स्वामित्व अन्त्य गर्ने सम्बन्धी
- सरकारी, सार्वजनिक, सामुदायिक एवं गुठी जग्गाको संरक्षण तथा व्यवस्थापन सम्बन्धी
- भूउपयोग क्षेत्र वर्गीकरण, भूउपयोग योजना तर्जुमा तथा भूमि व्यवस्थापन सम्बन्धी
- घरजग्गा मूल्याङ्कन, भूमि कर, रजिष्ट्रेशन दस्तुर तथा राजश्व निर्धारण सम्बन्धी
- भूमि बजार, घरजग्गा कारोवारको अनुमति पत्र, भूमि बैङ्क व्यवस्थापन सम्बन्धी
- भौगोलिक सूचना, भूसूचना एवं भौगोलिक सूचना पूर्वाधार सम्बन्धी
- भूमिहीन, दलित, मुक्तकमैया, हलिया, हरवा तथा चरवाको पुनर्स्थापना लगायत भूमि सुधार एवं पुनर्वास सम्बन्धी
- भौगोलिक सूचना, नक्सा, डाटा तथा भूमि अभिलेखको मूल्य निर्धारण सम्बन्धी
- सर्भे लाइसेन्स सम्बन्धी
- भूमि सम्बन्धी अन्य

**(२) सरकारी, सार्वजनिक, सामुदायिक एवं गुठी जग्गाको व्यवस्थापन सम्बन्धी कार्य**

- सरकारी, सार्वजनिक, सामुदायिक एवं गुठी जग्गाको राष्ट्रिय अभिलेख व्यवस्थापन सम्बन्धी
- सरकारी, सार्वजनिक, सामुदायिक एवं गुठी जग्गाको संरक्षण सम्बन्धी
- सरकारी, सार्वजनिक, सामुदायिक एवं गुठी जग्गाको उपयोग सम्बन्धी
- सरकारी जग्गा लीजमा दिने सम्बन्धी

**(३) जग्गा प्राप्ति सम्बन्धी कार्य**

- संघ, प्रदेश तथा स्थानीय तहले सञ्चालन गर्ने विकास आयोजना, प्रशासनिक भवन निर्माणजस्ता कार्यका लागि गरिने जग्गा प्राप्तिमा सहजीकरण सम्बन्धी

**(४) अन्तर्राष्ट्रिय तथा आन्तरिक सिमाना सम्बन्धी कार्य**

- अन्तर्राष्ट्रिय सीमाको नापजाँच तथा अभिलेख व्यवस्थापन सम्बन्धी
- सीमा स्तम्भ/चिन्हहरूको निर्माण, मर्मतसम्भार तथा अभिलेख व्यवस्थापन सम्बन्धी
- अन्तर्राष्ट्रिय सीमासँग सम्बन्धित विषयमा अन्तर्निकाय समन्वय सम्बन्धी
- प्रदेश तथा स्थानीय तहको सीमाको नक्साङ्कन तथा अभिलेख सम्बन्धी

**(५) नापनक्शा, भूसूचना तथा भूउपयोग सम्बन्धी कार्य**

- जग्गाको नाप नक्साको आधारभूत नियन्त्रण विन्दु तथा सञ्जालन सम्बन्धी
- जियोडेक नापी सम्बन्धी
- स्थलरूप नापी सम्बन्धी
- भौगोलिक सूचना पूर्वाधार सम्बन्धी
- विपद् नक्साङ्कन सम्बन्धी
- भूउपयोग, भूक्षमता र उपयुक्तताको नक्साङ्कन सम्बन्धी

- संघीय भूउपयोग योजना तर्जुमा तथा प्रादेशिक र स्थानीय तहको भूउपयोग योजना तर्जुमामा सहजीकरण एवं समन्वय सम्बन्धी

**(६) गुठी व्यवस्थापन सम्बन्धी कार्य**

- गुठी संस्थानको सञ्चालन तथा नियमनसम्बन्धी कार्य;
- गुठी जग्गा व्यवस्थापन सम्बन्धी

**(७) समन्वय तथा फोकल महाशाखाको रूपमा गर्ने कार्य**

- जग्गा प्रशासन, भूमि व्यवस्थापन तथा नापजाँच सम्बन्धी कार्यको फोकल महाशाखाको रूपमा कार्य गर्ने (भूमि व्यवस्थापन तथा अभिलेख विभाग, नापी विभाग, भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र, गुठी संस्थान आदि समेतको)
- जग्गा प्रशासन, भूमि व्यवस्थापन तथा नापजाँच सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्था तथा निकायहरूसँग समन्वय गर्ने
- स्थानीय तहमा भूमि सेवा हस्तान्तरण तथा भूमिको क्षेत्रमा क्षमता विकास सम्बन्धी कार्यमा समन्वय तथा सहजीकरण गर्ने

**<u>कर्मचारी प्रशासन महाशाखा</u>**

- नेपाल प्रशासन सेवा, नेपाल आर्थिक योजना तथा तथ्याङ्क सेवा, नेपाल विविध सेवा, नेपाल इन्जिनियरिङ्ग सेवा सर्भे समूहको सञ्चालन तथा यी अन्तर्गतका समूह तथा उपसमूहहरूको सञ्चालन,
- सङ्घीय निजामती कर्मचारीहरूको अन्तर मन्त्रालय सरुवा, बढुवा, नियुक्ति र पदस्थापन सम्बन्धी कार्य,
- प्रदेश र स्थानीय तहका कर्मचारीहरूको सरुवा र कामकाज सम्बन्धी कार्य,
- सङ्घीय  निजामती कर्मचारी प्रशासनको केन्द्रीय कर्मचारी निकाय सम्बन्धी कार्य,
- प्रशासकीय अभिलेख र तथ्यांक सम्बन्धी कार्य,
- मन्त्रालय र अन्तर्गतका निकायहरूको जनशक्ति व्यवस्थापन, आर्थिक प्रशासन र आन्तरिक व्यवस्थापन सम्बन्धी कार्य गर्ने/ गराउने,
- मन्त्रालयका कर्मचारीहरूको कार्य जिम्मेवारी तोक्ने तथा कार्य विवरण लागू गर्ने/गराउने,
- मन्त्रालयको जिन्सी व्यवस्थापन र मर्मत सम्भार सम्बन्धी कार्य,
- भौतिक सम्पत्तिको सुरक्षा, मर्मत सम्भार आदि गर्ने/गराउने,
- सार्वजनिक खरिद ऐन,नियमावली बमोजिम सरकारी खरिद सम्बन्धी कार्य गर्ने तथा खरिद भएको जिन्सी सामानको दाखिला, निरीक्षण र खर्च सम्बन्धी कार्य गर्ने/ गराउने,
- लिलाम बिक्री सम्बन्धी कार्य,
- मन्त्रालय र अन्तरगतका निकायहरूको बेरुजु फछ्र्यौट गर्ने/ गराउने,
- मन्त्रालय र अन्तर्गतका निकायबाट सम्पादित कार्यका विषयमा प्राप्त उजुरी, गुनासा आदिको जाँचबुझ तथा छानविन सम्बन्धी कार्य गर्ने/ गराउने,
- कर्मचारीहरूको गुनासो सम्बोधन सम्बन्धी कार्य गर्ने/ गराउने,
- मन्त्रालयको पुस्तकालय व्यवस्थापन सम्बन्धी कार्य गर्ने/गराउने,



नेपाल सरकार
सिंहदरबार, काठमाडौं

- मन्त्रालय र अन्तर्गतका कर्मचारीहरूको का.स.मू. व्यवस्थापन सम्बन्धी कार्य गर्ने,
- मन्त्रालय र अन्तर्गतका आयोजनाहरूमा अस्थायी दरबन्दी व्यवस्थापन सम्बन्धी कार्य,
- मन्त्रालयमा कार्यरत कर्मचारीहरूलाई दिइने पुरस्कार एवं विभागीय सजाय सम्बन्धी कार्य,
- संघ, प्रदेश र स्थानीय तहमा कर्मचारी समायोजन सम्बन्धी बाँकी कार्य,
- कर्मचारी समायोजन सम्बन्धी समस्या समाधानका लागि गुनासो सुनुवाई गर्ने,
- कर्मचारी समायोजन निर्देशन समितिसँग समन्वय गरी कर्मचारी समायोजन सम्बन्धी समस्या समाधान गर्ने,
- संघ, प्रदेश र स्थानीय तहमा कर्मचारी समायोजन भएका कर्मचारीहरूको समायोजन मिलान र सुधार सम्बन्धी निर्णय गर्ने तथा अभिलेख व्यवस्थापन गर्न निर्देशन दिने,
- अन्य शाखा तथा महाशाखाको कार्य विवरणमा अस्पष्टता भएमा स्पष्ट पार्ने कार्य गर्ने,
- अन्य महाशाखामा उल्लेख नभएका तथा तोकिए बमोजिमका अन्य कार्य।

**सङ्घीय मामिला महाशाखा**

- संघीयता कार्यान्वयनमा आवश्यक समन्वय र सहजीकरण सम्बन्धी कार्य,
- संघीय शासन व्यवस्था सम्बन्धी अध्ययन, अनुसन्धान तथा असल अभ्यासहरूको आदान-प्रदान सम्बन्धी कार्य,
- संघ र स्थानीय तथा सङ्घ, प्रदेश र स्थानीय तहबीचको सम्पर्क र समन्वय सम्बन्धी कार्य,
- गाउँपालिका तथा नगरपालिकाको संख्या, सीमाना, वडा र केन्द्र निर्धारण तथा हेरफेर र नामाकरण सम्बन्धी नीति, मापदण्ड, कार्यान्वयन र सहजीकरण सम्बन्धी कार्य,
- विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या, सीमाना र संरचना सम्बन्धी नीति, कानून तथा मापदण्ड सम्बन्धी कार्य,
- स्थानीय तहका पदाधिकारीको सुविधा सम्बन्धी नीति र मापदण्ड निर्धारण सम्बन्धी कार्य,
- संविधान तथा सङ्घीय कानून बमोजिम स्थानीय तहलाई आवश्यक निर्देशन दिने सम्बन्धी कार्य,
- प्रदेश र स्थानीय तहबीचको विवाद एवम् समस्या समाधानमा समन्वय र सहजीकरण सम्बन्धी कार्य,
- प्रदेश, स्थानीय तह र विषयगत मन्त्रालयसँगको सम्पर्क, सहयोग तथा समन्वय सम्बन्धी कार्य,
- प्रदेश र स्थानीय तह सम्बन्धी सङ्घीय कानून तथा स्थानीय तहको नमूना कानून, मापदण्ड र ढाँचा उपलव्ध गराउने सम्बन्धी कार्य,
- स्थानीय तहको अभिलेख व्यवस्थापन सम्बन्धी कार्य,
- स्थानीय स्तरमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणसँग सम्बन्धित नीति, कानून, योजना तथा कार्यक्रम समन्वय सम्बन्धी कार्य,
- स्थानीय तहमा सामाजिक परिचालन समन्वय सम्बन्धी कार्य,
- स्थानीय स्तरमा वातावरण व्यवस्थापन र दिगो विकास सम्बन्धी नीति, कानून, कार्यक्रम तथा प्रारम्भिक वातावरणीय प्रभाव मूल्याङ्कनमा समन्वय सम्बन्धी कार्य,
- भूउपयोग र वस्ती विकास योजना कार्यान्वयनमा समन्वय सम्बन्धी कार्य,

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

- स्थानीय तहमा विपद् व्यवस्थापन तथा जलवायु अनुकुलन सम्बन्धी नीति तथा कार्यक्रमको सहजीकरण, समन्वय तथा अनुगमन र मूल्याङ्कन सम्बन्धी कार्य,
- स्थानीय तहमा विपद् पूर्व सूचना केन्द्र स्थापनामा सहयोग र अन्तरनिकाय समन्वय सम्बन्धी कार्य,
- वारुणयन्त्र तथा अग्नि नियन्त्रण सम्बन्धी कार्यमा समन्वय तथा सहजीकरण सम्बन्धी कार्य,
- स्थानीय तहमा भवनसंहिता तथा भवनसम्बन्धी मापदण्ड कार्यान्वयनमा समन्वय सम्बन्धी कार्य,
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरूसँग सम्बन्धित केन्द्रीय परियोजना सल्लाहकार समिति सम्बन्धी कार्य,
- राष्ट्रिय तथा स्थानीय गैर सरकारी संस्थासँग सम्बन्धित नीतिगत समन्वय सम्बन्धी कार्य,
- स्थानीय आर्थिक विकासमा सहयोग तथा सहजीकरण सम्बन्धी कार्य,
- स्थानीय स्रोत परिचालन सम्बन्धी नीतिगत अध्ययन अनुसन्धान तथा विश्लेषण सम्बन्धी कार्य,
- स्थानीय तहका राजश्व परिचालन क्षमतामा लेखाजोखा र सुधार सम्बन्धी कार्य,
- सङ्घीय प्रणाली सम्बन्धी श्रोत केन्द्र स्थापना र सञ्चालन सम्बन्धी कार्य,
- संघीयता सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अभ्यासहरूको सङ्कलन र प्रचारप्रसार सम्बन्धी कार्य,
- सङ्घीय मामिला अध्ययन स्रोत केन्द्र सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्य,
- स्थानीय तहको क्षमता विकास सम्बन्धी कार्य,
- तोकिए बमोजिमका अन्य कार्यहरू।

<u>योजना तथा अनुगमन महाशाखा</u>

- स्थानीय तहका पदाधिकारी र कर्मचारीहरूको वैदेशिक भ्रमण सम्बन्धी नीति, कानून र मापदण्ड निर्धारण र समन्वय सम्बन्धी कार्य,
- मन्त्रालयसँग सम्बन्धित राष्ट्रिय, अन्तर्राष्ट्रिय संघसंस्थासँग सन्धि, सम्झौता, अभिसन्धि, सम्पर्क र समन्वय सम्बन्धी कार्य,
- योजना तथा अन्तर्राष्ट्रिय सहयोग सम्बन्धी नीति, कानून, योजना तथा कार्यक्रम निर्माण तथा समन्वय,
- स्थानीय तहमा वैदेशिक सहायता परिचालनमा समन्वय तथा नियमन सम्बन्धी,
- मन्त्रालय र अन्तर्गतका निकायको लागि आवधिक तथा रणनीतिक योजना, मध्यमकालीन खर्च संरचना तथा वार्षिक बजेट र कार्यक्रम सम्बन्धी कार्य,
- स्थानीय तहको आवधिक, वार्षिक, रणनीतिक तथा अन्य विकास योजना सम्बन्धी कार्यमा समन्वय तथा सहजीकरण सम्बन्धी कार्य,
- संघ, प्रदेश र स्थानीय तहबीचको योजना प्रणालीबीच समन्वय र तादाम्यता सम्बन्धी कार्य,
- नेपाल सरकारबाट स्थानीय तहलाई प्रदान गरिने अनुदान सम्बन्धमा समन्वय सम्बन्धी कार्य,
- अन्तर सरकारी वित्तीय सम्बन्ध सुदृढीकरणमा समन्वय तथा स्थानीय सरकारको वित्तीय ढाँचा निर्माणको नमूना विकास सम्बन्धी कार्य,

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

- अन्तर-स्थानीय तह विकास योजना, परियोजना र कार्यक्रमको समन्वय र सहजीकरण सम्बन्धी कार्य,
- स्थानीय तहको योजना प्रणालीमा विषयगत मन्त्रालयसँगको सम्पर्क, सहयोग तथा समन्वय सम्बन्धी कार्य,
- विकास सहायता नीति अन्तर्गत स्थानीय तहमा अन्तर्राष्ट्रिय सहयोग परिचालनमा समन्वय र सहजीकरण सम्बन्धी कार्य,
- स्थानीय तहको अन्य मुलुकका स्थानीय तहसँगको भगिनी सम्बन्ध विस्तार सम्बन्धी कार्य,
- विशेष, संरक्षित तथा स्वायत्त क्षेत्र र पिछडिएको क्षेत्रको विकास व्यवस्थापन सम्बन्धी कार्य,
- स्थानीय तहको वस्तुगत विवरण, योजनागत तथ्यांक, प्रगति समीक्षा र प्रतिवेदन सम्बन्धी कार्यको अभिलेखिकरण र समन्वय सम्बन्धी कार्य,
- अनुगमन तथा मूल्याङ्कन सम्बन्धी नीति, कानून, मापदण्ड र कार्यक्रम तर्जुमा एवम् कार्यान्वयनमा समन्वय सम्बन्धी कार्य,
- अनुगमन तथा मूल्याङ्कनका सूचकहरूको आधारमा कार्यक्रम र आयोजनाको नियमित अनुगमन एवं मूल्याङ्कन सम्बन्धी कार्य,
- आयोजना कार्यान्वयनमा देखिएका समस्या समाधान गर्न मन्त्रालयस्तरीय समस्या समाधान समिति सम्बन्धी कार्य,
- भूउपयोग र वस्ती विकास योजना कार्यान्वयनमा समन्वय सम्बन्धी कार्य,
- सूचना, अभिलेख तथा विद्युत्तीय शासन सम्बन्धी नीति, कानून, योजना, कार्यक्रम तथा समन्वय सम्बन्धी कार्य,
- सूचना सङ्कलन, संग्रह, अभिलेख र प्रकाशन सम्बन्धी कार्य,
- मन्त्रालयमा आधुनिक सूचना प्रविधिको विकास र उपयोग सम्बन्धी कार्य,
- सहकारी सम्बन्धी राष्ट्रिय नीति, कानुन र मापदण्ड निर्माण गर्ने,
- सहकारी बैङ्कसम्बन्धी,
- सहकारीसम्बन्धी राष्ट्रिय तथ्याङ्क व्यवस्थापन, अध्ययन, अनुसन्धान र अनुगमन,
- सहकारीसम्बन्धी राष्ट्रिय संघसंस्थासँग सम्बन्ध र अन्तर प्रादेशिक समन्वय,
- सहकारीमार्फत हुने बचत तथा ऋण परिचालनसम्बन्धी मापदण्ड र नियमन,
- अन्तर्राष्ट्रिय सहकारी संगठनसँग सहयोग, समन्वय र सम्पर्क,
- तोकिए बमोजिमका अन्य कार्यहरू।

**कानून महाशाखा**

- मन्त्रालयको कार्यक्षेत्र भित्र पर्ने विषयहरूमा विधेयक, नियम तथा आदेश परिमार्जन तथा सम्पादन गर्न कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा पठाउने र स्वीकृत भई आएपछि सम्बन्धित निकायमा पठाउने व्यवस्था गर्ने,
- आफ्नो र कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको बीचमा सम्पर्क शाखाको रुपमा कार्य गर्ने,

नेपाल सरकार भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय सिंहदरबार, काठमाडौं

- मन्त्रालयको कार्य क्षेत्र भित्रका ऐन तथा नियमावली सम्बन्धी मन्त्रालय अन्तर्गत शाखा, विभाग तथा कार्यालयहरूबाट राय माग भई आएमा परम्परा बसिसकेका सामान्य विषयहरूमा मन्त्रालयको तर्फबाट राय दिने तथा नयाँ व्यवस्था गर्नुपर्ने भएमा राय ठहर सहित पेश भएकोमा निर्णय भई आए बमोजिम जानकारी दिने,
- मन्त्रालयस्तरबाट गरिने विभिन्न सम्झौताहरूको मस्यौदामा आवश्यक कानूनी राय सल्लाह दिने र सम्झौता वार्तामा भाग लिने,
- फैसला कार्यान्वयनका लागि सम्बन्धित अदालतबाट आदेश भई आए बमोजिम मन्त्रालयको हकमा आफैले र मातहतका निकायहरूको हकमा सो बमोजिम कार्यान्वयन गर्ने/गराउने,
- मन्त्रालयसँग सम्बन्धित ऐन, कानून, नियमावली तथा राजपत्रहरू संकलन गरी अद्यावधिक रुपमा राख्ने व्यवस्था मिलाउने,
- मन्त्रालयसँग सम्बन्धित कुनै करार वा अन्य लिखतहरूको मस्यौदाको ढाँचा, मस्यौदामा पुऱ्याउनु पर्ने कानूनी प्रकृया तथा विधिको सम्बन्धमा आवश्यक राय सल्लाह उपलब्ध गराउने,
- कानून शाखासँग सम्बन्धित विषयमा मन्त्रिपरिषद्मा पेश हुने प्रस्तावको मस्यौदा तयार गरी पेश गर्ने र स्वीकृत भए बमोजिम प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने,
- मन्त्रालय मातहतका संस्थानको विनियमावली स्वीकृति सम्बन्धी कार्य गर्ने,
- मन्त्रालय र अन्तर्गतका विभागलाई आवश्यक पर्ने ऐन, नियम तथा सम्बन्धित कानूनी लिखतहरूको अनुवाद गर्ने र त्यसको जाँच पडताल गर्ने,
- प्रचलित ऐन तथा नियमहरू अनुसार मन्त्रालय तथा अन्तर्गत विभागहरू, कार्यालयहरूले सम्पादन गरेका कार्यमा पर्न आएका मुद्दा मामिला सम्बन्धमा आवश्यक कागजपत्र/प्रमाणहरू संकलन गर्ने तथा मन्त्रालयको तर्फबाट प्रत्यूत्तर वा लिखित जवाफ तयार गरी पेश गर्ने,
- कानूनी तथा अदालती विषयवस्तुको हकमा मन्त्रालयको सम्पर्क शाखाको रूपमा कार्यगर्ने,
- मन्त्रालयले उजुरीको रूपमा वा समान रूपमा हेर्ने गरी परेका निवेदनहरूको कानूनी विषयवस्तु हेर्ने र परामर्श उपलब्ध गराउने,
- स्थानीय तह तथा प्रदेशमा रहेका विभिन्न तह वा सरकारहरूको बीचमा उठेको संवैधानिक तथा कानूनी विषयमा राय सम्बन्धी,
- मन्त्रालयसँग सम्बन्धित ऐन नियममा सुधार गर्ने एवं विधेयक तर्जुमा गर्ने सम्बन्धी कार्य,
- स्थानीय तहलाई कानूनी राय, परामर्श सम्बन्धी कार्य,
- मन्त्रालय विरुद्ध परेका रिट, निवेदन र पुनरावेदन सम्बन्धी कार्य,
- स्थानीय तहका कर्मचारीको सेवा सुविधा सम्बन्धी निर्णय उपरको निवेदन, पुनरावेदन सम्बन्धी कार्य,
- मन्त्रालय पक्ष हुने सन्धि, सम्झौता, करार, समझदारी पत्र समेतका विषयमा कानूनी राय सम्बन्धी,
- मन्त्रालयको तर्फबाट फिराद पत्र, प्रतिउत्तर, रिट निवेदन, लिखित जवाफ, पुनरावलोकन,
- प्रशासकीय अदालतको सम्पर्क महाशाखाको रुपमा कार्य गर्ने,

- मन्त्रालयसँग सम्बन्धित अदालती फैसलाको अभिलेख तथा कार्यान्वयन सम्बन्धी कार्य।

<u>प्रशासन सुधार महाशाखा</u>

- सङ्घीय निजामती सेवा सम्बन्धी नीति तथा ऐन सम्बन्धी कार्य,
- सङ्घीय निजामती तथा अन्य सङ्घीय सरकारी सेवाका निवृत्तिभरण लगायत अवकाशजन्य सुविधासम्बन्धी नीति, कानून र मापदण्ड र व्यवस्थापन सम्बन्धी कार्य,
- सार्वजनिक सेवा प्रवाह सम्बन्धी नीति, कानून र मापदण्ड सम्बन्धी कार्य,
- प्रशासनिक सुधार सम्बन्धी नीति, योजना, मापदण्ड र समन्वय सम्बन्धी कार्य,
- कर्मचारी कल्याण सम्बन्धी नीति, कानून र मापदण्ड सम्बन्धी कार्य,
- व्यवस्थापन परीक्षण सम्बन्धी नीति, योजना तथा कार्यक्रम सञ्चालन र समन्वय,
- प्रशासन सुधार सम्बन्धी अध्ययन, अनुसन्धान तथा नीति तर्जुमा र कार्यान्वयन,
- सङ्घीय निजामती तथा अन्य सरकारी सेवाको तालिमसम्बन्धी नीति, कानून र मापदण्ड सम्बन्धमा अध्ययन, अनुसन्धान र विकास सम्बन्धी कार्य,
- मन्त्रालय र अन्तर्गतका कर्मचारीको स्वदेशी तथा विदेशी अध्ययन, तालिम स्वीकृति, पूर्व स्वीकृति तथा बिदा स्वीकृति सम्बन्धी कार्य,
- कर्मचारीहरूको मन्त्रालयमा हुने शुरु अभिमुखीकरण तथा सेवाकालिन तालिम सम्बन्धी कार्य,
- प्रदेश तथा स्थानीय तहका पदाधिकारी तथा कर्मचारीको वैदेशिक भ्रमण मनोनयन तथा सहमति सम्बन्धी कार्य,
- स्वदेशी तथा विदेशी अध्ययन, अवलोकन भ्रमण तथा तालिम सम्बन्धी कार्य,
- नेपाल सरकारको नीति र कार्यक्रमको सफल कार्यान्वयनका लागि आवश्यकता अनुसार प्रशासकीय व्यवस्थापन र कार्यविधिमा पुनरावलोकन,
- सङ्घीय निजामती कर्मचारीको सेवा, सुविधा तथा प्रोत्साहन सम्बन्धी कार्य,
- राष्ट्रसेवक कर्मचारी सम्बद्ध संघ संस्था सम्बन्धी कार्य गर्ने,
- संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धी नीति, कार्यान्वयन र समन्वय सम्बन्धी कार्य,
- सङ्घीय निजामती सेवा र अन्य सरकारी सेवा सञ्चालन सम्बन्धी सेवा, समूह र उपसमूहको व्यवस्थापन सम्बन्धी कार्य,
- संघ, प्रदेश र स्थानीय तहमा रहने पदहरूको दरबन्दी सिर्जना सम्बन्धी नीति, मापदण्ड र सहजीकरण सम्बन्धी कार्य,
- निजामती सेवाका सबै पद तथा पदाधिकारीहरूको लागि कार्य विवरण तयारी तथा अद्यावधिक गर्ने,
- नेपाल सरकारका अस्थायी र आवधिक प्रकृतिका आयोजनाहरूको अस्थायी दरबन्दीको सिफारिस सम्बन्धी कार्य,
- संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धी कार्य,

नेपाल सरकार भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार, काठमाडौं

- सँगठन संरचना र दरबन्दी पुनरावलोकन सम्बन्धी नीति, कार्यविधि तर्जुमा गरी सँगठन संरचना र दरबन्दी पुनरावलोकन गर्ने,
- विशेष पद सिर्जना तथा सहमती प्रदान गर्ने कार्य,
- संघमा रहने मन्त्रालय, विभाग र केन्द्रीय निकायहरूको सँगठन संरचना र दरबन्दी यकिन गर्ने कार्य,
- संघ प्रदेश र स्थानीय तहको मानवस्रोत परीक्षण (Human resource Audit) र प्रतिवेदनको कार्य
- देहायका आयोग, समिति, प्रतिष्ठान, विभाग तथा निकायको सम्पर्क महाशाखाको रुपमा कार्य गर्नेः

  नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान
  निजामती अस्पताल
  राष्ट्रिय किताबखाना
  कर्मचारी संचय कोष
  नागरिक लगानी कोष
  सामाजिक सुरक्षा कोष

## ४. मन्त्रालयवाट प्रदान गरिने सेवा

मन्त्रालयबाट सूचना माग सम्बन्धी सेवा सूचनाको हक सम्बन्धी ऐन/नियम अनुसार प्रदान हुने गरेको छ । बिभाग, समिति, प्रतिष्ठान, आयोग तथा स्थानीय तहहरुबाट हुने गरेको क्रियाकलापमा मन्त्रालयले नीतिगत कार्य र समन्वय गर्ने तथा सो बिरुद्धको उजुरी तथा गुनासो सुन्ने गरेको छ ।

नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार, काठमाडौं

## ५. मन्त्रालय, महाशाखा, शाखा र जिम्मेवार अधिकारी एवं सम्बन्धित प्रमुख

भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको कार्यक्षेत्र भित्र समाहित गरिएको विभिन्न क्रियाकलापहरु संचालन गर्न मन्त्रालयमा देहाय बमोजिमका शाखा/महाशाखाहरुको व्यवस्था गरिएको छ । सो अनुसार मन्त्रालयका महाशाखा तथा शाखाहरुबाट सम्पादन गर्नुपर्ने गरी निर्दिष्ट गरिएको कार्यविवरण बुँदा नं. ३ मा उल्लेख गरि सकिएको छ ।

| सि.नं. | महाशाखा, शाखा, कार्यक्रम एवम् सम्बद्ध निकायको जिम्मेवार अधिकारीको विवरण | जिम्मेवार अधिकारीको पद | जिम्मेवार अधिकारीको नाम |
|---|---|---|---|
| १ | **भूमि व्यवस्था, सहकारी सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय** | सचिव | **श्री मदन भुजेल** |
| | भूमि व्यवस्थापन महाशाखा | सहसचिव | **श्री गणेश प्रसाद भट्ट** |
| | भूमि प्रशासन शाखा | उपसचिव | श्री रामचन्द्र रेग्मी |
| | भूमि समस्या व्यवस्थापन शाखा | उपसचिव | श्री नरेन्द्र पौडेल |
| | नाप नक्सा, भौगलिक सूचना तथा भू उपयोग शाखा | उपसचिव | श्री दामोदर वाग्ले |
| २ | **कर्मचारी प्रशासन महाशाखा** | सहसचिव | **श्री धोलकराज ढकाल** |
| | ▪ सङ्घीय तथा प्रादेशिक कर्मचारी प्रशासन शाखा | उपसचिव | श्री सुनिल पासवान |
| | ▪ स्थानीय कर्मचारी प्रशासन शाखा | उपसचिव | श्री झविन्द्र खनाल |
| | ▪ बढुवा व्यवस्थापन शाखा | उपसचिव | श्री अश्विन कुमार पोखरेल |
| | ▪ आर्थिक प्रशासन शाखा | उपसचिव | श्री विष्णु प्रसाद निरौला |
| | ▪ आन्तरिक व्यवस्थापन शाखा | उपसचिव | श्री देवेन्द्र सापकोटा |
| | ▪ पुस्तकालय शाखा | उपसचिव | श्री यादवचन्द्र निरौला |
| ३ | **सङ्घीय मामिला महाशाखा** | सहसचिव | **श्री प्रकाश दाहाल** |
| | ▪ सङ्घीय मामिला तथा स्थानीय स्रोत परिचालन शाखा | उपसचिव | श्री |
| | ▪ प्रदेश तथा स्थानीय तह समन्वय शाखा | उपसचिव | श्री मुक्ति प्रसाद सुवेदी |
| | ▪ विपद व्यवस्थापन तथा सामाजिक समावेशीकरण शाखा | उपसचिव | श्री दिपक ढकाल |
| | ▪ क्षमता विकास शाखा | उपसचिव | श्री दिपेन्द्र रेग्मी |
| ४ | **योजना तथा अनुगमन महाशाखा** | सहसचिव | **श्री डिलाराम पन्थी** |
| | ▪ योजना तथा अनुगमन शाखा | उपसचिव | श्री कृष्ण पौडेल |
| | ▪ विकास सहायता समन्वय शाखा | उपसचिव | श्री होमनाथ काफ्ले |
| | ▪ गरिवी निवारण तथा कोष अभिलेख व्यवस्थापन शाखा | उपसचिव | श्री सोमनाथ गौतम |
| | ▪ सहकारी नीति, समन्वय तथा सहजीकरण शाखा | उपसचिव | श्री रघुनाथ महत |
| | ▪ सूचना प्रविधि शाखा | उपसचिव | श्री राजकृष्ण महर्जन |

| | | | |
|---|---|---|---|
| ५ | **प्रशासन सुधार महाशाखा** | सहसचिव | श्री - |
| | ▪ मानव संसाधन तथा कर्मचारी कल्याण शाखा | उपसचिव | श्री भेषराज खनाल |
| | ▪ प्रशासन सुधार तथा व्यवस्थापन परीक्षण शाखा | उपसचिव | श्री कुमार कोइराला |
| | ▪ संगठन विकास शाखा | उपसचिव | श्री तुलसी भट्टराई |
| ६ | **कानून महाशाखा** | सहसचिव | **श्री लोकहरि वस्याल** |
| | कानून तथा फैसला कार्यान्वयन शाखा | उपसचिव | श्री नवराज आचार्य |
| | सुशासन प्रवर्धन शाखा | उपसचिव | श्री कृष्ण गिरी |
| ८ | भूमि व्यवस्थापन तथा अभिलेख विभाग, बबरमहल, काठमाडौं | महानिर्देशक | श्री योगेन्द्र प्रसाद दुलाल |
| ९ | नापी विभाग, मिनभवन, काठमाडौं । | महानिर्देशक | श्री करुणा के. सी. |
| १० | राष्ट्रिय किताबखाना (निजामती) | महानिर्देशक | श्री आरती न्यौपाने |
| ११ | सहकारी रजिष्ट्रारको कार्यालय, बानेश्वर, काठमाडौं । | रजिष्टार | श्री बाबुराम गौतम |
| १२ | नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान | कार्यकारी निर्देशक | श्री डा. रामप्रसाद घिमिरे |
| १३ | निजामती कर्मचारी अस्पताल | कार्यकारी निर्देशक | श्री प्रा.डा. जितेन्द्र परियार |
| १४ | राष्ट्रिय सहकारी नियमन प्राधिकरण, पुल्चोक ललितपुर । | सदस्य सचिव | श्री राम कुमार महतो |
| १५ | भूमि समस्या समाधान समिति, ताहाचल, काठमाडौं । | सदस्य सचिव | श्री सुशिल डंगोल |
| १६ | समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालय, बुद्धनगर, काठमाडौं । | सदस्य सचिव | श्री रविन ढकाल |
| १७ | प्रदेश तथा स्थानीय शासन सवलीकरण कार्यक्रम | राष्ट्रिय कार्यक्रम व्यवस्थापक | श्री अनुज घिमिरे |

## ६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

### (१) सेवा प्राप्त गर्न लाग्ने दस्तुर

सूचनाको हक सम्बन्धी नियमावली २०६५ को नियम ४ बमोजिम र अन्य विशेष कानूनले तोके बमोजिमको दस्तुर ।

### (२) सेवा प्राप्त गर्न लाग्ने अवधि

सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ७ ले तोकेको अवधिभित्र र अन्य बिशेष कानूनले अवधि तोकेकोमा सोही बमोजिम ।

भूमि व्यवस्था, सहकारी, गरिबी निवारण मन्त्रालय / नेपाल सरकार / संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय / सिंहदरबार, काठमाडौं

## ७. निवेदन उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी

प्राप्त उजुरीहरु सम्बन्धित अधिकारीले हेरी सम्बन्धित महाशाखा र शाखामा आबश्यक कारबाहीको लागि पठाइने र शाखा प्रमुखबाट कारवाही प्रकृया अगाडी बढाइने ।

## ८. निर्णय उपर उजुरी सुन्ने अधिकारी

श्रीमान् सचिव

## ९. सम्पादन गरेका मुख्य मुख्य कामको विवरण

भूमि प्रशासन शाखा

१. मालपोत नियमावली, २०३६ बमोजिम सरकारी जग्गा उपयोगका लागि विभिन्न निकायहरूलाई उपलब्ध गराइएको विवरणः

| सि. नं. | निर्णयस्तर | निर्णय मिति | जिल्ला | गा.पा./न.पा., वडा नं. | कित्ता नं. | जग्गाको विवरण (रोपनी/विगाह/व.मि) | जग्गा धनी विवरण | प्राप्त गर्ने निकाय | प्रयोजन | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | नेपाल सरकार (मा.मन्त्री स्तर) | २०८३/०४/२० | कालिकोट | मान्म गा.वि.स. वडा नं.५ | ४१५७ | १०,००० वर्गमिटर | नेपाल सरकार | आयुर्वेद स्वास्थ्य केन्द्र, कालिकोट | भवन निर्माण | नियमावलीको नियम २३झ२.(११) |
| २. | नेपाल सरकार (मा.मन्त्री स्तर) | २०८३/०४/२६ | धादिङ | रुबीभ्याली गा.पा. वडा नं.१ | २ | १३-१५-१-२ रोपनी | नेपाल सरकार | सशस्त्र प्रहरी बल, नेपाल बोर्डर आउट पोष्ट(बि.ओ.पि.) तिप्लिङ, | उपयोग गर्न | नियमावलीको नियम २३झ२.(१०) |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | धादिङ | | |
| ३. | नेपाल सरकार (मा.मन्त्री स्तर) | २०८३/०४/२६ | मनाङ | चामे गा.वि.स. वडा नं.६ | १/२ | ६२-०-०-० रोपनी | नेपाल सरकार | नयाँ भैरवी दल गुल्म चामे व्यारेक, मनाङ | भौतिक संरचना निर्माण | नियमावलीको नियम २३झ२.(१०) |
| ४. | नेपाल सरकार (मा.मन्त्री स्तर) | २०८३/०४/२६ | पर्सा | जानकी टोला गा.वि.स. वडा नं.९ | १५८ | १-१०-० बिगाह | नेपाल सरकार | सशस्त्र प्रहरी बल, नेपाल सीमा सुरक्षा गुल्म, भिखमपुर | उपयोग गर्न | नियमावलीको नियम २३झ२.(१०) |
| | | | | महादेवपट्टी गा.वि.स. वडा नं.३ | १४ | ३४६५ वर्गमिटर | | सशस्त्र प्रहरी बल, नेपाल, बि.ओ.पि. महादेवपट्टी | | |
| | | | | पिडारीगुठी गा.वि.स. वडा नं.९ | १५१ | १-०-० बिगाह | | सशस्त्र प्रहरी बल, नेपाल, बि.ओ.पी. पिडारीगुठी | | |
| ५. | नेपाल सरकार (मन्त्रिपरिषद्) | २०८३/०५/१२ | दार्चुला | व्यास न.पा. वडा नं.५ | ४८६ | २०-०-०-० रोपनी | सार्वजनिक | सशस्त्र प्रहरी बल, नेपाल नं.४४ गण हे.क्वा., | बि.ओ.पि. स्थापना | नियमावलीको नियम २३झ२.(१०) |

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | दार्चुला | | |
| ६. | नेपाल सरकार (मा.मन्त्री स्तर) | २०८३/०५/२५ | रूपन्देही | रोहिणी गा.पा. वडा नं.५ | १६५ | ०-६-५ विगाह | नेपाल सरकार | प्रहरी चौकी, पिप्रहवा, रूपन्देही | उपयोग गर्न | नियमावलीको नियम २३झ२.(१०) |

२. ऐन, कानून, नियम तथा नियमावालीहरूः

| सि.नं. | निर्णयस्तर | निर्णय मिति | विषय | कैफियत |
|---|---|---|---|---|
| १. | नेपाल सरकार (मन्त्रिपरिषद्) | २०८३/०६/२१ | भूमि सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने अध्यादेश, २०८३ जारी गर्ने सम्बन्धी। | नेपाल राजपत्रमा मिति २०८३/०६/२७ गते प्रकाशन |
| २. | नेपाल सरकार (मन्त्रिपरिषद्) | २०८३/०६/२३ | बिटौरी जग्गामा बसोबास गरी आएका व्यक्तिहरुको नाममा बिटौरी जग्गा दर्ता गर्ने सम्बन्धी समिति गठन आदेश, २०८३ | नेपाल राजपत्रमा मिति २०८३/०६/२३ गते प्रकाशन |

३. स्थानीय तहबाट भूमि प्रशासन सेवा सञ्चालन भएको विवरण

| क्र.स. | स्थानीय तह (पालिका) | सेवा सुचारू | सेवा सुचारू मिति | कैफियत |
|---|---|---|---|---|
| १. | कागेश्वरी मनोहरा नगरपालिका | भएको | २०८३/३/१ | |
| २. | शिवसताक्षी नगरपालिका | भएको | २०८३/३/३ | |
| ३. | कन्काई नगरपालिका | भएको | २०८३/३/८ | |
| ४. | चौदण्डीगढी नगरपालिका | भएको | २०८३/३/५ | |
| ५. | भुम्लु गाउँपालिका | भएको | २०८३/३/५ | |
| ६. | रोशी गाउँपालिका | भएको | २०८३/३/८ | |
| ७. | भगवतीमाई गाउँपालिका | भएको | २०८३/५/१ | |

| | | | | |
|---|---|---|---|---|
| ८. | पुनर्वास नगरपालिका | भएको | २०८३/४/१५ | |
| ९. | रासी सोनारी गाउँपालिका | भएको | २०८३/३/१६ | |
| १०. | सैनामैना नगरपालिका | भएको | २०८३/४/१८ | |
| ११. | झापा गाउँपालिका | भएको | २०८३/४/१८ | |
| १२. | मरिण गाउँपालिका | भएको | २०८३/५/१ | |
| १३. | मेलम्ची नगरपालिका | भएको | २०८३/३/१७ | |
| १४. | चुलाचुली गाउँपालिका | भएको | २०८३/५/३ | |
| १५. | हलेसी तुवाचुङ नगरपालिका | भएको | २०८३/६/५ | |
| १६. | हुप्सेकोट गाउँपालिका | भएको | २०८३/४/३१ | |
| १७. | मुसिकोट नगरपालिका | भएको | २०८३/४/१ | |
| १८. | कालिका नगरपालिका | भएको | २०८३/४/१२ | |
| १९. | ग्रामथान गाउँपालिका | भएको | २०८३/४/१३ | |
| २०. | वैतेश्वर नगरपालिका, बाडुडाँडा, दोलखा | भएको | २०८३/४/११ | |
| २१. | धनगढी उप-महानगरपालिका, धनगढी, कैलाली। | भएको | २०८३/४/६ | |
| २२. | दुधौली नगरपालिका, दुधौली, सिन्धुली। | भएको | २०८३/४/१८ | |
| २३. | ईश्वरपुर नगरपालिका, ईश्वरपुर, सर्लाही। | भएको | २०८३/४/१४ | |
| २४. | फिक्कल गाउँपालिका, खाङसाङ, सिन्धुली। | भएको | २०८३/५/११ | |
| २५. | भानु नगरपालिका, फुस्रेटार, तनहुँ। | भएको | २०८३/५/२९ | |
| २६. | नमोबुद्ध नगरपालिका, भकुण्डेबेसी, काभ्रेपलाञ्चोक। | भएको | २०८३/५/२४ | |
| २७. | सुन्दरहरैंचा नगरपालिका, बिराटचौक, मोरङ। | भएको | २०८३/६/५ | |
| २८. | पालुङटार नगरपालिका, पालुङटार, गोरखा। | भएको | २०८३/६/२ | |
| २९. | राजापुर नगरपालिका, राजापुर, बर्दिया। | भएको | २०८३/६/१२ | |
| ३०. | अपिहिमाल गाउँपालिका, खण्डेश्वरी, दार्चुला। | भएको | २०८३/६/२२ | |
| ३१. | बराहक्षेत्र नगरपालिका, बराहक्षेत्र, सुनसरी। | भएको | २०८३/६/२६ | |
| ३२. | लुङग्री गाउँपालिका, बडाचौर, रोल्पा। | भएको | २०८३/६/२८ | |
| ३३. | रास्कोट नगरपालिका, आर.सि.पी., कालिकोट। | भएको | २०८३/६/३० | |

नेपाल सरकार भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय सिंहदरबार, काठमाडौं

भूमि समस्या व्यवस्थापन शाखा

नाप नक्सा, भौगोलिक सूचना तथा भूउपयोग शाखा

१. आर्थिक वर्ष २०८२/८३ को मन्त्रालयगत प्रगति विवरण (भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणतर्फ) MDAC तयार गरी मिति २०८३/०४/१४ मा प्रस्तुतीकरण गरिएको।
२. नेपाल सरकार र विश्व बैंक समूहअन्तर्गतको अन्तर्राष्ट्रिय विकास संस्था (International Development Association) तथा नेपाल सरकार र एसियाली विकास बैंक (ADB) बीच सम्पन्न वित्तीय सम्झौताबमोजिम सञ्चालनमा रहेको Nepal Digital Transformation Project अन्तर्गत Digitalization of Nepal's Land Administration System कार्यक्रम कार्यान्वयनका लागि महाशाखा प्रमुख श्री गणेशप्रसाद भट्टज्यूको संयोजकत्वमा कार्यान्वयन समिति गठन भई खरिद प्रक्रिया अगाडि बढाउन आवश्यक स्पेसिफिकेसन तयार गरिएको।
३. आर्थिक वर्ष २०८३/८४ का लागि एकीकृत अनलाइन अनुगमन प्रणालीमा प्रविष्टि गर्न भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणतर्फको विस्तृत कार्यान्वयन योजना (DIP) को प्रारम्भिक मस्यौदा तयार गरी योजना तथा अनुगमन शाखामा पठाइएको।
४. मिति २०८३/०६/०१ मा संघीय भूउपयोग योजनाको अवधारणापत्रको मस्यौदाउपर विषयगत मन्त्रालयहरूबाट राय– सुझाव सङ्कलन गरी छलफल सम्पन्न गरिएको।
५. मिति २०८३/०६/०६ मा जग्गा नापजाँच, दर्ता लगायत जग्गा प्रशासनसँग सम्बन्धित विषयमा विज्ञहरूसँग छलफल कार्यक्रम सम्पन्न गरिएको।
६. मिति २०८३/०६/१४ को माननीय मन्त्रीस्तरीय निर्णयबाट संघीय भूउपयोग योजनाको अवधारणापत्र स्वीकृत भई संघीय भूउपयोग योजना तयार गर्न एसियाली विकास बैंक (ADB) लाई पत्राचार गरिएको।
७. मन्त्रालयबाट गठित भोटेकोशी नदी क्षेत्रमा आएको बाढीबाट रसुवा, नुवाकोट र धादिङ जिल्लामा प्रभावित भई अन्यत्र बसोबासको विकल्प नभएका विस्थापित परिवारको पुनर्स्थापनाका लागि उपयुक्त स्थानमा जग्गा पहिचान तथा खोजी गर्ने समिति मा शाखा प्रमुखलाई सदस्य– सचिवको जिम्मेवारी प्राप्त भएबमोजिम कार्य सम्पन्न गरी माननीय मन्त्रीज्यू समक्ष प्रतिवेदन पेस गरिएको।
८. भूमि व्यवस्थापन तथा अभिलेख विभागमा सञ्चालित Land Records Information Management System (LRIMS) तथा नापी विभागमा सञ्चालित Nepal Land Information System (NeLIS) लाई एकीकृत रूपमा सञ्चालन गर्ने सम्बन्धमा मिति २०८३/०६/३० को सचिवस्तरीय निर्णयानुसार सम्बन्धित विभागहरूमा परिपत्र गरिएको।
९. कञ्चनपुर जिल्ला, बेदकोट नगरपालिकाअन्तर्गत जग्गा नापजाँच समिति गठनसम्बन्धी आदेश, २०८३ को मस्यौदा तथा भूउपयोग (चौथो संशोधन) नियमावली, २०८३ को मस्यौदाउपर राय/सहमतिका लागि अर्थ मन्त्रालयमा पठाइएको।

संघीय तथा प्रादेशिक कर्मचारी प्रशासन शाखा

१. कामकाज/पदस्थापन/सरुवा



नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
सिंहदरबार, काठमाडौं

क. राजपत्राङ्कित प्रथम श्रेणी- ११८

ख. राजपत्राङ्कित द्वितिय श्रेणी- ८९

ग. राजपत्राङ्कित तृतीय श्रेणी- १५२

घ. राजपत्र अंनकित/श्रेणी विहिन-१३९१

२. नियुक्ति (खुला/बढुवा/आ.प्र.)- ९०

३. नियुक्तिको लागि सिफारिस- ९२

४. सरुवा सहमति- ८७३

## स्थानीय कर्मचारी प्रशासन शाखा

१. कामकाज/पदस्थापन/सरुवा

क. उपसचिव-१००

ख. शाखा अधिकृत- २४५

२. आर्थिक तथा प्रशासनिक जिम्मेवारी- १०

## बढुवा व्यवस्थापन शाखा

१. निजामती सेवा ऐन, २०४९ को दफा २० को उपदफा (१) बमोजिम गठित बढुवा सिफारिस समितिको निर्णय बमोजिम सचिव पदमा देहाय बमोजिम बढुवा सिफारिस भएको।

क. नेपाल प्रशासन सेवा समूहीकरण तर्फ -९ जना

ख. नेपाल ईन्जिनियरिङ सेवा समूहीकरण तर्फ -३ जना

ग. नेपाल लेखापरीक्षण सेवा समूहीकरण तर्फ -१ जना

२. कार्य सम्पादन मूल्याङ्कन फाराम व्यवस्थापन २६४५० थान।

३. कार्य सम्पादन मूल्याङ्कन फाराम कम्प्युटर प्रविष्टि ६५०० थान।

४. प्रशासकीय अदालतमा गरिएको लिखित प्रतिवाद ४ थान।

## आर्थिक प्रशासन शाखा

१. NEPSAS (वित्तीय विवरणको) प्रतिवेदन तयार गरी महालेखा नियन्त्रक कार्यालयमा पेश गरिएको।

२. मन्त्रालयको स्वीकृत बार्षिक बजेट अनुसार निकासा लिई खर्च लेखाङ्कन तथा प्रतिवेदन पेश गरिएको।

३. बजेट तथा कार्यक्रम एकिकृत गर्नका लागि योजना महाशाखासँग समन्वय गरी कार्य गरिएको।

४. आन्तरिक लेखापरीक्षण सम्पन्न भएको, अन्तिम लेखापरीक्षण भैईरहेको।

५. बेरुजु फछ्यौंट र NEPSAS सम्बन्धी अभिमूखिकरण छलफल, कार्यक्रम सञ्चालन गरिएको साथै बेरुजु फछ्यौंटको लागि सम्बन्धित निकाय/कार्यालयहरुलाई परिपत्र गरिएको।

६. बेरुजु फछ्यौंट तथा अनुगमन समितिलाई मासिक रुपमा बेरुजु फछ्यौंटको प्रगति विवरण पठाउने गरिएको।

नेपाल सरकार सिंहदरबार, काठमाडौं

७. कार्यालय प्रमुख लगायत विभिन्न शाखा महाशाखाबाट माग भए बमोजिमका राय परामर्श समयमै उपलब्ध गराइएको।

८. नियमित रुपमा निकासा खर्च तथा प्रतिवेदन पेश गर्ने गरिएको।

<u>आन्तरिक व्यवस्थापन शाखा</u>

**आ.व. २०८३/८४ को श्रावण १ देखी असोज मसान्त सम्मको प्रगति विवण**

| पद | फाइलको प्रकार | | | |
|---|---|---|---|---|
| | राजीनामा | अनिवार्य अवकाश | एक श्रेणी बढुवा राजीनामा | एक श्रेणी बढुवा अनिवार्य अवकाश |
| सहसचिव वा सो सरह | २३ | ६ | | |
| उपसचिव वा सो सरह | ११ | ४ | | |
| शाखा अधिकृत वा सो सरह | १७ | १२ | ५ | |
| नायव सुव्वा वा सो सरह | ३ | १ | २ | ८ |
| **जम्मा** | **५४** | **२३** | **७** | **८** |

<u>कार्यसम्पादन मूल्याङ्कन सम्बन्धी कार्य</u>

| | |
|---|---|
| राजपत्राङ्कित श्रेणी | १७४२ थान |
| राजपत्र अनङ्कित श्रेणी | ३०२ थान |
| श्रेणि बिहिन | ९ थान |
| **कुल जम्मा** | **२०५३ थान** |

<u>अन्य प्रमुख कार्यहरु यस प्रकार छन:-</u>

नेपाल सरकार,मन्त्रिपरिषद्को मिति २०८३-०३-३२ को निर्णयानुसार नयाँ संगठन तथा व्यवस्थापन सर्वेक्षणबाट दरबन्दी कटौती भई फाजिलमा परेका यस मन्त्रालय तथा अन्य मन्त्रायलय वा मातहतका निकायबाट प्राप्त भएका करारका कर्मचारीहरुलाई आवश्यक व्यवस्थापन गरिएको।

शा.अ. प्रभा अर्यालयको मिति २०८३/०६/०१ देखि ७३ दिन र कम्प्युटर इन्जिनियर अनिल भुजेलको मिति २०८३/०५/१६ देखी मिति २०८३/०५/३१ सम्मको घर बिदा, २ जनाको प्रसूति बिदा र १ जनाको विरामी बिदा स्वीकृत भएको।

NPLP २०२६ को लागि प्रतिनिधि मनोनयन गर्ने कार्यमा सहजीकरण गरिएको।

१ जनालाई पदस्थापन सहमतिको लागि निर्णय गरिएको।

| |
|---|
| दार्चुलाबाट जिल्ला समन्वय समितिको कार्यालय, धनगढीमा गाडी हस्तान्तरणको लागी निर्णय गरिएको। |
| २ जनालाई विभागीय कारबाहीको लागी लोक सेवा आयोगलाई राय परामर्शको लागि लेखि पठाइएको। |
| २ जनाको असाधारण बिदा रद्द गरी हाजिरी गराइएको । |
| समायोजन भई प्रदेश तथा स्थानीय तहमा कार्यरत कर्मचारीहरुबाट विभिन्न मितिमा एक श्रेणी बढुवा सिफारिसको लागि प्राप्त भएका फाइल सम्बन्धित सेवा समूह सञ्चालन गर्ने मन्त्रालयलाई सिफारिस गरिएको। |
| सरुवा तथा पदस्थापन भएका कर्मचारीहरुको रमाना तयार, हाजिरी प्रमाणित, विभिन्न निकायबाट माग भएबमोजिम राय उपलब्ध तथा शाखासंग सम्बन्धित अन्य कार्यहरु गरिएको। |

<u>पुस्तकालय शाखा</u>

१. पुस्तकालयमा रहेका पुस्तक तथा सन्दर्भ सामग्रीको व्यवस्थापन र संरक्षण गरिएको।
२. मन्त्रालयसँग सम्बन्धित ऐन, नियमावली, कार्यविधि, निर्देशिका तथा
३. सरकारी प्रकाशनहरू व्यवस्थित गरिएको।
४. सङ्घीय शासन प्रणाली, स्थानीय तह, कर्मचारी प्रशासन तथा सार्वजनिक
५. प्रशासनसम्बन्धी अध्ययन सामग्रीको व्यवस्थापन गरिएको।
६. पुस्तकालयमा प्राप्त नयाँ पुस्तक तथा प्रकाशनहरूको दर्ता अभिलेख राखिएको।
७. मन्त्रालयका कर्मचारीलाई आवश्यक अध्ययन तथा सन्दर्भ सामग्री उपलब्ध गराइएको।
८. पुस्तक वर्गीकरण तथा सूचीकरण गरिएको।
९. भौतिक रुपमा पुस्तकालय आउने पाठकलाई सेवा तथा पुस्तक आदानप्रदान गरिएको।

<u>संघीय मामिला तथा स्थानीय स्रोत परिचालन शाखा</u>

१. स्थानीय तहको सेवा प्रवाह गुणस्तर प्रमाणीकरण मापदण्ड, २०८३ बमोजिम गुणस्तर परिक्षण प्रमाणीकरणका लागि गुणस्तर परिक्षकहरुलाई आधारभूत प्रशिक्षण कार्यक्रम सम्पन्न भई ३२ जना गुणस्तर परिक्षकको रोष्टर सूची प्रकाशन गरिएको।
२. त्रिपुरासुन्दरी गाउँपालिका, सिन्धुपाल्चोक र जिरी नगरपालिका, दोलखामा स्थानीय तहमा सङ्घीयता कार्यान्वयन सहजीकरण कार्यक्रम सञ्चालन गरिएको।

<u>प्रदेश तथा स्थानीय तह समन्वय शाखा</u>

१. बहुक्षेत्रीय पोषण कार्यक्रमको आ.व. २०८३/८४ को कार्यान्वयन कार्यविधि तर्जुमा गरी स्वीकृत गरिएको।
२. बहुक्षेत्रीय पोषण कार्यक्रमअन्तर्गत हस्तान्तरण हुने वैदेशिक स्रोततर्फको रु. एक अर्ब सशर्त अनुदान स्थानीय तहहरूमा फुकुवा पठाइएको।
३. बहुक्षेत्रीय पोषण कार्यक्रमलगायत पोषणसँग सम्बन्धित कार्यक्रमको आ.व. २०८२/८३ को प्रगति समीक्षा गरिएको।

नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार, काठमाडौं

४. बहुक्षेत्रीय पोषण योजना तथा पोषणमैत्री स्थानीय शासनसम्बन्धमा ३ स्थानमा अभिमुखीकरण तथा सहजीकरण गरिएको।
५. विभिन्न विषयगत मन्त्रालयका स्थानीय तहमा पत्राचार गरिनुपर्ने सूचना तथा जानकारी स्थानीय तहमा प्रेषण गरिएको।
६. जिल्ला समन्वय समितिको मौज्दात कोषबाट रकम भुक्तानी र सोको व्यवस्थापनको सम्बन्धमा नीतिगत निर्णय गर्न अर्थ मन्त्रालयमा राय माग गरिएको।
७. स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली (LGPAS) को आ.व. २०८१/८२ को गुणस्तर परीक्षण सम्पन्न गरी नतिजा तयार गर्रिदै गरिएको।
८. स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली (LGPAS) को प्रणाली कार्यान्वयनमा स्थानीय तहलाई सहजीकरण गरिएको।
९. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेशद्वारा स्थानीय तहका जनप्रतिनिधिका लागि आयोजना गरिएको बालमैत्री स्थानीय शासनको सहजीकरण कार्यक्रममा शाखा प्रमुखले सहभागिता जनाउनुभएको।
१०. स्थानीय तहको योजनामा प्रारम्भिक बालविकाससम्बन्धी स्रोत पुस्तिकाको अन्तिम मस्यौदा तयार गरिएको।

**क्षमता विकास शाखा**

१. LGPAS कमजोर अवस्थामा रहेका स्थानीय तहहरूका लागि क्षमता विकास कार्यक्रम प्रयोजनार्थ १ पटक (धोबिनी गाउँपालिका, पर्सा, मधेश प्रदेशमा गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, जनप्रतिनिधि र कर्मचारीको उपस्थितिमा मिति २०८३/०६/२२ मा क्षमता विकास कार्यक्रम सम्पन्न गरिएको।

**विपद व्यवस्थापन तथा सामाजिक समावेशिकरण शाखा**

१. मिति २०८३/०१/३० गते नेपाल राजपत्रमा प्रकाशित नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०८३ को अनुसूची २ मा भएको व्यवस्था अनुसार नेपाल सरकार कार्यविभाजन नियमावली,२०७४ को अनुसूची २ मा भएको क्रमसङ्ख्या १८ को संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय अन्तर्गत बुँदा नं. २७(क) झिकी क्रमसङ्ख्या ९ को पूर्वाधार विकास मन्त्रालय अन्तर्गत बुँदा नं. १६ मा थपिएको हुँदा रज्जुमार्ग, केबलकार, पोड वे, स्काई रेल, स्काई ट्रलिबस, जलमार्ग लगायत वैकल्पिक यातायातसम्मबन्धी अध्ययन, नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन सम्बन्धमा हाल सम्म निर्माण भएका तथा प्रस्तावित (मस्यौदा) नीति, ऐन, मापदण्ड र अन्य सम्बन्धित सक्कल कागजातहरु पूर्वाधार विकास मन्त्रालयलाई हस्तान्तरण गरिएको।
२. Early Recovery Cluster को बैठक बसी रसुवा भोटेकोशी नदीमा आएको बाढीबाट प्रभावितहरुको लागि सामाजिक, आर्थिक शिघ्र पुर्नलाभ अन्तर्गतको Debris Management/ Cash for Work लाई प्रभावित समुदायमैत्री तथा जीविकोपार्जनक सहयोगी बनाउन उक्त क्षेत्रका श्रमिकको तथा सो कार्यमा प्रयोग हुने भारी सवारी साधनतथा मेशिनरी औजारको भाडादरमा भौगोलिक अवस्था बमोजिम एकरुपता कायम गर्नका लागि आवश्यक समन्वका लागि राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणलाई अनुरोध गरिएको ।

नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार, काठमाडौं

३. ICERD को नेपालले बुझाउनुपर्ने प्रतिवेदनको सम्बन्धमा यसै मन्त्रालयका श्रीमान सचिवज्यू र महिला,बालबालिका,लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालयका श्रीमान् सचिवज्यूको उपस्थितिमा राष्ट्रिय कार्यशाला गोष्ठी सम्पन्न भएको ।
४. स्थानीय तहमा जलवायु परिवर्तन अनुकुलन तथा विपद् व्यवस्थापन सम्बन्धी कार्यक्रमको Supervisory Boad को बैठक बसी गत आ.व.को प्रगति समिक्षा तथा चालु आ.व.को कार्यक्रम स्वीकृत गरिएको ।
५. घरपझोङ जलवायु सम्मेलन-२०८३ मा मन्त्रालयको तर्फबाट सहभागिता रहेको ।
६. रसुवा भोटेकोशी नदीमा आएको बाढीबाट प्रभावित बेलकोटगढी नगरपालिका, विदुर नगरपालिका, गल्छी गाउँपालिका र उत्तरगया गाउँपालिकाको स्थालगत अवलोकन गरी बाढीबाट प्रभावितहरुको लागि सामाजिक, आर्थिक शिघ्र पुर्नलाभ कार्यक्रम संचालन गर्न विपद् पछिको आवश्यकता पहिचान (Post Disaster Need Assessment) को लागि स्थानीय तहसँग समन्वय गरिएको ।

**<u>योजना तथा अनुगमन शाखा</u>**

१. आ.व. ०८२/८३ को वार्षिक प्रगति समीक्षा एवम् मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठक सम्पन्न भएको ।
२. आ.व. ०८२/८३ को नीति तथा कार्यक्रम एवम् वजेट कार्यान्वयन कार्ययोजना र कार्यसम्पादन सूचकको प्रगति तयार गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको Online प्रणाली मार्फत मासिक रुपमा प्रतिवेदन गरिएको।
३. संविधानको धारा ५३ वमोजिमको नेपाल सरकारको वार्षिक प्रगति प्रतिवेदन तयारीका लागि मन्त्रालयसँग सम्वन्धित विवरण तयार गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाइएको।
४. माननीय मन्त्रीज्यू र श्रीमान सचिवज्यू तथा श्रीमान् सचिवज्यू र महाशाखा/विभाग/आयोजना/कार्यक्रम प्रमुखज्यूवीच आ.व. ०८३/८४ का लागि कार्यसम्पादन करार सम्झौता गर्न आवश्यक सहजीकरण गरी सम्झौता सम्पन्न भएको।
५. नेपाल सरकार, मन्त्रिपरिषद्बाट विभिन्न मितिमा भएका यस मन्त्रालयसँग सम्वन्धित निर्णयहरुको कार्यान्वयनको प्रगति प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको अनलाइन प्रणाली मार्फत पठाइएको ।
६. नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०८३ समेतका आधारमा मन्त्रालयको संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्पन्न भई स्वीकृत भएको कार्यविवरण, दरवन्दी तेरिज, संगठन संरचना अनुसार यस मन्त्रालयका लागि आ.व. ०८३/८४ मा विनियोजन भएको वजेट तथा कार्यक्रम संशोधन गरी LMBIS मा प्रविष्टि गरी अन्तिम रुप प्रदान गरिएको ।
७. साविक सहकारी विभाग र सहकारी प्रशिक्षण तथा अनुसन्धान केन्द्रको लागि विनियोजन भएको वजेट दुवै कार्यालयको संगठन तथा व्यवस्थापन सर्वेक्षण भई कायम भएको सहकारी रजिष्ट्रारको कार्यालयको कार्यक्षेत्र, कार्यविवरण, संगठन संरचना र दरवन्दी तेरिज अनुरुप हुने गरी कार्यक्रम संशोधन गरी LMBIS संशोधन गरिएको।
८. साविकको राष्ट्रिय किताबखाना (निजामती), राष्ट्रिय किताबखाना (प्रहरी) र राष्ट्रिय किताबखाना (शिक्षक) को लागि विनियोजन भएको वजेट उक्त निकायहरुको संगठन तथा व्यवस्थापन सर्वेक्षण भई कायम भएको सहकारी

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

रजिष्ट्रारको कार्यालयको कार्यक्षेत्र, कार्यविवरण, संगठन संरचना र दरवन्दी तेरिज अनुरुप हुने गरी कार्यक्रम संशोधन गरी LMBIS प्रविष्टि गरिएको ।

९. साविकको सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय एकीकरण भई मन्त्रालयका ब.उ.शी.नं. अन्तर्गत कायम भएको विभिन्न निकायको वजेट कार्यान्वयनमा आएको कार्यालय कोड लगायतका समस्या समाधानका लागि आवश्यक सहजीकरण गरिएको ।

१०. राष्ट्रिय सुरक्षा नीति, २०७५ को एकीकृत कार्ययोजनाको आ.व. ०८२/८३ को वार्षिक प्रगति तयार गरी राष्ट्रिय सुरक्षा परिषद्को सचिवालयमा पठाइएको ।

११. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट माग भए वमोजिम मन्त्रालय र अन्तर्गत निकायका वार्षिक नीति तथा कार्यक्रमको Detail Implementation Plan तयार गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाइएको।

१२. विभिन्न मन्त्रालय एवम् महाशाखा/शाखाबाट यस शाखाको राय माग भइ आएको फाइल उपर राय/सहमति प्रदान गरिएको ।

१३. यस शाखाको ToR अनुसारका अन्य नियमित कार्यहरु सम्पादन गरिएको ।

<u>विकास सहायता समन्वय शाखा</u>

१. उच्च प्रभावयुक्त सामुदायिक विकास परियोजना (HICDPs) अन्तर्गत विभिन्न स्थानीय तहबाट प्राप्त आयोजनाहरूको अध्ययन गरी अर्थ मन्त्रालय सिफारिस गरिएको।

२. Korea International Cooperation Agency (KOICA), Japan International Cooperation Agency (JICA), Peace Corps Nepal र Australian Volunteers मार्फत विभिन्न स्थानीय तहहरूमा स्वयंसेवक परिचालनका सम्बन्धमा आवश्यक सहजीकरण र समन्वयको कार्य गरिएको।

३. स्थानीय तहका पदाधिकारी र कर्मचारीहरूको वैदेशिक भ्रमणको लागि आवश्यक समन्वय तथा सहजीकरणको कार्य गरिएको।

४. विभिन्न स्थानीय तहले अन्य देशका स्थानीय तहसँग स्थापना गर्ने भगिनी सम्बन्धको लागि आवश्यक समन्वय तथा सहजीकरणको कार्य गरिएको।

५. वैदेशिक सहायतामा सञ्चालित आयोजना तथा स्थानीय तह पूर्वाधार विकासका लागि दातृ निकायहरूसँग नियमितरूपमा समन्वय गरिएको।

६. माननीय मन्त्रीज्यूको नेपालस्थित विभिन्न राजदूतावासका राजदूत तथा पदाधिकारीहरूसँग शिष्टाचार लगायत विषयगत भेटघाटको लागि सहजीकरण र समन्वय गरिएको।

७. गणतन्त्र कोरिया सरकारको सहयोगमा सञ्चालन हुने Inclusive Rural Development Project (IRDB) in Bardiya District को कार्यान्वयनको लागि सहजीकरण गरिएको।

<u>सूचना प्रविधी शाखा</u>

१. मन्त्रालयको वेबसाइट र एप्लिकेशनहरूका लागि आवश्यक पर्ने wildcard ssl certificate खरिदका लागि Specification तयारी कार्य ।

नेपाल सरकार भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार, काठमाडौं

२. Digital Signature खरिद तथा कार्यान्वयन सम्बन्धी कार्य ।

३. एकीकृत वेबसाइट व्यवस्थापन प्रणाली (GIWMS) मा आधारित स्थानीयतहका वेबसाइट प्रणाली सञ्चालन सम्बन्धी बागमती प्रदेश स्तरीय एक दिवसीय अनलाइन तालिम सम्पन्न ।

४. साविकका मन्त्रालयहरू गाभी बनेको नयाँ मन्त्रालयको एकीकृत तथा अद्यावधिक विवरण सहितको नयाँ वेबसाइट molcfaga.gov.np सञ्चालनमा ल्याइएको ।

५. एकीकृत कार्यालय व्यवस्थापन प्रणाली (GIWMS) को सञ्चालन सम्बन्धी उपसचिव स्तरीय एक दिवसीय तालिम सम्पन्न ।

६. हाजिरी सम्बन्धी कर्मचारीहरूको गुनासो सुनुवाई र समाधानका कार्यहरू, मन्त्रालयको वेबसाइटमा सूचना अपलोड तथा कर्मचारी विवरण अद्यावधिक गर्ने कार्यहरू दैनिक, नियमित र निरन्तर रुपमा सञ्चालनमा रहेको ।

**गरिबी निवारण तथा कोष अभिलेख व्यवस्थापन शाखा**

१. १० जिल्ला (इलाम, तेह्रथुम, झापा, मोरङ, सुनसरी, चितवन, कास्की, पर्वत, नवलपरासी (बर्दघाट सुस्ता पूर्व), नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)) को गरिब घरपरिवार परिचयपत्र तथा गरिब परिवारको सूचिकृत पुस्तिका वितरणको लागि सम्बन्धित जिल्लाका स्थानीय तहमा पठाईएको ।

२. गरिब घरपरिवार पहिचान तथा परिचयपत्र वितरण (पहिलो संशोधन समेत मिलाएको) निर्देशिका २०७५ बमोजिम गठित निर्देशक समितिको पहिलो बैठक सम्पन्न।

३. भक्तपुर, ललितपुर, काठमाण्डौ जिल्लाका सबै स्थानीय तहहरु, सप्तरी जिल्लाको छिन्नामस्ता महादेवा, अग्नीसइर कृष्णासवरण, तिरहुत गाउँपालिका र धनुषा जिल्लाको औरही गाउँपालिका, दाङ जिल्लाको तुलसीपुर उप-महानगरपालिकाको गरिब घरपरिवारको अन्तिम सूची नेपाल सरकार (मन्त्रिपरिषद्) स्वीकृत पश्चात परिचयपत्र छपाईको लागि पठाईएको।

**सहकारी नीति, समन्वय तथा सहजिकरण शाखा**

१. सहकारी (पहिलो संशोधन) नियमावली, २०८३ स्वीकृत भएको।

२. चक्रीय राहत कोष सञ्चालन कार्यविधि, २०८३ स्वीकृत भएको।

३. सहकारी रजिष्ट्रारको कार्यालयको तालिम सञ्चालन कार्यविधि, २०८३ स्वीकृत भएको।

४. राष्ट्रिय सहकारी नियमन प्राधिकरणको अध्यक्ष नियुक्तीका लागि सिफारिस गर्न सिफारिस समिति गठन भएको।

५. सहकारी सम्बन्धी ऐन, नियम, कार्यविधि आदिको मस्यौदा तयार गर्न कार्यदल गठन भई कार्य प्रारम्भ गरिएको।

६. बचत तथा ऋणको कारोबार गरिरहेका जिल्ला, प्रदेश र केन्द्रीयस्तरका सहकारी संघहरुलाई सहकारी रजिष्ट्रार कार्यालयका सहकारी रजिष्ट्रार मार्फत विभिन्न निर्देशनहरु दिइएको।

७. राष्ट्रिय सहकारी नियमन प्राधिकरणको कर्मचारी प्रशासन विनियमावली, २०८३ उपर परामर्शका लागि लोकसेवा आयोगमा पठाइएको।

८. संघहरुलाई सहकारी बैकमा एकिकरण वा नयाँ बैंक गठन गर्ने सम्बन्धी कार्यविधि निर्माणका लागि कार्यदल गठन भई कार्य प्रारम्भ गरिएको।

नेपाल सरकार भूमि व्यवस्था, सहकारी, गरिबी निवारण तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार, काठमाडौं

९. कर्जा असुली न्यायाधिकरणको अध्यक्षको नियुक्ति गर्न न्याय सेवा आयोगको परामर्शको लागि लेखी पठाइएको।
१०. सहकारीसँग सम्बन्धित विषयका सम्बन्धमा संघीय संसदमा उठेका जिज्ञासाको जवाफ पठाइएको।
११. सहकारीसँग सम्बन्धित विषयका सम्बन्धमा प्राप्त निवेदन, उजुरी, ज्ञापनपत्र, गुनासोहरु सम्बन्धित निकायमा आवश्यक कारबाहीको लागि पठाइएको।

**कानून तथा फैसला कार्यान्वयन शाखा**

१. सङ्घीय निजामती सेवा सम्बन्धी कानूनलाई संशोधन र एकिकरण गर्न बनेको विधेयक मिति २०८३/६/१५ मा संघीय संसदमा दर्ता
२. भूमि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश,२०८३ मा मिति २०८३/०६/२७ मा विभिन्न पँाच वटा ऐनहरुमा संशोधन गर्ने कार्य भएको

**सुशासन प्रवर्द्धन शाखा**

हेलो सरकारबाट प्राप्त उजुरी तथा गुनासोको विवरण

| गुनासोको मुख्य विषय | प्राप्त गुनासो जम्मा | प्रक्रियामा रहेका | फछ्यौंट भएका | सम्पादित कार्य | कैफियत |
|---|---|---|---|---|---|
| जग्गा जमिन,गुठी सम्बन्धी गुनासो | १२५ | ७२ | ५३ | प्रक्रियामा रहेका गुनासोलाई सम्बन्धित निकायमा जवाफ माग गरिएको। | प्रक्रियामा रहेका गुनासोको follow-up को कार्य भैरहेको। |
| सहकारी सम्बन्धी गुनासो | ७९ | ३८ | ४१ | | |
| स्थानीय तह सम्वन्धी गुनासो | ३९ | ७ | ३२ | | |
| कर्मचारीसंग सम्बन्धित, कर्मचारी अभाव, कर्मचारीमाथिको भेदभाव, सरुवा | ५४३ | १११ | ४३२ | | |
| अन्य | २४३ | ५७ | १८६ | | |
| जम्मा | १०२९ | २८५ | ७४४ | | |

मन्त्रालयको गुनासो पोर्टल, email, whatsapp, viber तथा अन्य माध्यमबाट प्राप्त उजुरी/गुनासो

| गुनासो/उजुरी विवरण | प्राप्त उजुरी | प्रक्रियामा रहेको | फछ्यौंट सख्या | प्रगति | कैफियत |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| प्रमुख प्रशासकीय अधिकृतसंग सम्बन्धित-३६,<br>स्थानीय तह विकास तथा सुशासनसंग-७८,<br>व्यक्तिगत सरुवा,समायोजन आदि-५६,<br>मन्त्रालयको नीतिगत तथा सुशासन सम्बन्धीत-४८,<br>मन्त्रालयसंग असम्बन्धित-५३,<br>भूमि प्रशासन तथा नापीसँग सम्बन्धित-१९,<br>सहकारी संग सम्बन्धित-६ | २९६ | १३७ | १५९ | प्रक्रियामा रहेका गुनासोलाई सम्बन्धित निकायमा जवाफ माग गरिएको । | प्रक्रियामा रहेका गुनासोको follow up को कार्य भैरहेको । |

| अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट प्राप्त उजुरीको विवरण | | | |
|---|---|---|---|
| विषय | संख्या | कारवाही | कैफियत |
| उजुरी | ७१ | सम्बन्धित निकायमा लेखि पठाइएको। | |
| निलम्बन सम्बन्धी वोधार्थ | ९४ | वोधार्थ भएकोले सम्बन्धित निकायमा पत्राचार भए/नभएको यकिन गरी अभिलेखिकरण गरिएको। | |
| निलम्बन | ६ | सम्बन्धित व्यक्ति, निकाय र महाशाखामा लेखि पठाइएको। | |
| फुकुवा | ४ | सम्बन्धित व्यक्ति, निकाय र महाशाखामा लेखि पठाइएको। | |

| विभिन्न निकायबाट प्राप्त उजुरीको विवरण | | | |
|---|---|---|---|
| विषय | संख्या | कारवाही | कैफियत |



नेपाल सरकार
सिंहदरबार, काठमाडौं

| | | | |
|---|---|---|---|
| प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयबाट प्राप्त निवेदन | ५ | | यो हप्ता कुनै निवेदन प्राप्त नभएको। |
| राष्ट्रिय सतर्कता केन्द्रबाट प्राप्त उजुरी | ४ | | यो हप्ता कुनै निवेदन प्राप्त नभएको। |
| सूचना अधिकारी समक्ष सूचना माग | १७ | सम्बन्धित शाखामा लेखि पठाइएको। | |
| अन्य निकायबाट प्राप्त उजुरी | ११ | सम्बन्धित विभागमा लेखि पठाइएको। | |

✓ **अन्य प्रगति विवरण**

१. संसद रिपोर्टिङः प्रतिनिधि सभाको दोस्रो अधिवेशन तथा राष्ट्रिय सभाको एक्काइसौ अधिवेनका क्रममा यस मन्त्रालयसंग सम्बन्धित विषयहरुको रिपोर्टिङ गरिएको । यस मन्त्रालयसंग सम्बन्धित विषयमा माननीयज्यूहरुबाट उठाइएका सवालहरुमा प्रगति विवरण तयार गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा पठाइएको । साथै संसद सचिवालयबाट प्राप्त मौखिक प्रश्नको जवाफ तयार गरी समयसिमाभित्रै पठाइएको ।

२. स्थानीय तहमा सूशासन प्रवर्द्धन एवं सूचनाको हकको प्रभावकारी कार्यान्वयनको गराउन ओखलढुङ्गा जिल्लाको मानेभञ्याङ्ग गाउँपालिकामा २०८३ असोज २७ गते र सोलखुम्बु जिल्लाको थुलुङ दुधकोशी गाउँपालिकामा २०८३ असोज २८ गते अभिमूखिकरण र अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको।

३. स्वतः प्रकाशन गर्ने प्रयोजनार्थ यस मन्त्रालय अन्तर्गतका निकाय तथा शाखाहरुमा प्रगति विवरण माग गरी एकिकृत गरिएको।

४. विभिन्न निकायहरुबाट माग भई आएका विवरणहरु उपलब्ध गराइएको।

५. विभिन्न निकायहरुबाट प्राप्त बोधार्थ पत्रहरु पत्राचार भए/नभएको यकिन गरी अभिलेखिकरण गरिएको।

६. सिन्धुपाल्चोक जिल्लाको वलेफी गाउँपालिका तथा सुनकोशी गाउँपालिकाको उजुरी फर्छ्यौट कार्यका लागि सहजीकरण गरी यस मन्त्रालयबाट पठाइएका उजुरीहरुको विवरणमा जवाफ माग गरी अभिलेखिकरण गरिएको ।

<u>प्रशासन सुधार शाखा</u>

१. सेवाग्राही सन्तुष्टी सर्वेक्षण निर्देशिका, २०६८ अनुसारको सेवाग्राही सन्तुष्टि सर्वेक्षण कार्यक्रम (१) जिल्ला प्रशासन कार्यालय, सिन्धुपाल्चोक (२) भूमि प्रशासन कार्यालय, सिन्धुपाल्चोक र (३) नापी कार्यालय, सिन्धुपाल्चोकमा सम्पन्न गरीएको ।

२. सेवाग्राही सन्तुष्टी सर्वेक्षण निर्देशिका,२०६८ अनुसारको सेवाग्राही सन्तुष्टि सर्वेक्षण कार्यक्रम (१) जिल्ला प्रशासन कार्यालय, भक्तपुर, (२) भूमि प्रशासन कार्यालय, भक्तपुर र (३) नापी कार्यालय, भक्तपुरमा सम्पन्न गरीएको ।

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी, तथा गरिबी निवारण मन्त्रालय
सिंहदरबार, काठमाडौं

३. उक्त कार्यक्रमहरु संचालन गरी छनौटको आधारमा सेवाग्राहीहरुको सार्वजनिक निकायहरुप्रतिको धारणा तथा सुधारका उपायहरु अन्तिम प्रतिवेदनका लागि संकलन गरीएको ।

४. व्यवस्थापन परिक्षणका लागि ४० वटा निकाय (मन्त्रालय/विभाग/कार्यालय) छनौट गरी ती निकायहरुबाट प्रतितिधिहरुको विवरण संकलन कार्य सम्पन्न भएको।

## मानव संशाधन तथा कर्मचारी कल्याण शाखा

१. संसद सेवा, स्वास्थ्य सेवा र न्याय सेवा बाहेकको रिक्त रहेका राजपत्राङ्कित प्रथम र द्धितीय श्रेणीका पदहरुको विज्ञापनको लागि लोक सेवा आयोगमा माग आकृति फाराम भरी पदपूर्तिका लागि पठाइएको।

२. निजामती सेवा ऐन, २०४९ को दफा ४०ख. (३) बमोजिम गठित केन्द्रीय छात्रवृत्ति समितिको ६ वटा बैठक बसी विभिन्न मुलुकबाट प्राप्त छात्रवृत्तिका अवसरहरू मन्त्रालय/निकायहरूलाई समन्यायिक ढँगले बाँडँफाँट गरिएको।

३. नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानमार्फत् Senior Executive Development Programme - SEDP) तालिममा विभिन्न सेवा/समूहबाट २७ जना (मुख्य २५ जना र बैकल्पिक २ जना) ज्येष्ठतम् रा.प. प्रथम श्रेणीका कर्मचारीहरुलाई मनोनयन गरी तालिममा पठाइएको।

४. नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानमार्फत् राजपत्राङ्कित द्धितीय श्रेणी र तृतीय श्रेणीका सेवाकालीन तालिममा छनोट भएका कर्मचारीहरुलाई सेवाकालीन तालिम (ACMD र PCMD) मा मनोनयन गरी तालिममा पठाइएको।

५. विभिन्न मुलुकबाट प्राप्त छात्रवृत्ति कार्यक्रम तथा बिभिन्न मुलुकहरुबाट आमन्त्रण गरिएको कार्यक्रममा मन्त्रालय तथा मातहतका निकायहरुबाट सहभागिता हुनुपर्नेमा सहभागिताका लागि मनोनयन तथा सहमति प्रदान गरिएको।

## संगठन विकास शाखा

१. सडक विभाग र अन्तर्गका निकायहरूको संगठन संरचना तथा दरबन्दी नेपाल सरकार मन्त्रिपरिषद्बाट स्वीकृत

२. स्थानीय पूर्वाधार विकास विभाग र अन्तर्गतका निकायहरूको संगठन संरचना तथा दरबन्दी नेपाल सरकार मन्त्रिपरिषद्बाट स्वीकृत

३. राष्ट्रिय आयुर्वेद पञ्चकर्म तथा योग सेवा केन्द्र र सिंहदरबार वैद्यखानाको संगठन संरचना तथा दरबन्दी नेपाल सरकार मन्त्रिपरिषद्बाट स्वीकृत

४. राष्ट्रिय खानेपानी तथा ढल व्यवस्थापन, अनुसन्धान तथा विकास केन्द्रको संगठन संरचना तथा दरबन्दी नेपाल सरकार मन्त्रिपरिषद्बाट स्वीकृत

५. नेपाल सरकार मन्त्रिपरिषद्को २०८३।०३।३२ को निर्णयानुसार यस मन्त्रालयको स्वीकृत संगठन संरचना बमोजिमका महाशाखा तथा शाखाहरूको कार्यविवरण स्वीकृत।

## प्रदेश तथा स्थानीय शासन सबलीकरण कार्यक्रम, बबरमहल काठमाडौं

१. यस कार्यक्रमको आयोजनामा मिति २०८३ साउन १२ र १३ गते पोखरामा प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान/प्रदेश सुशासन केन्द्रहरूलाई लक्षित गरी "Provincial Research and Training Academies as Sustainable Centers of excellence for Federal Governance" विषयक कार्यशाला सम्पन्न गरिएको।

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

२. यस कार्यक्रमको सहयोगमा मिति २०८३ साउन १९ र २४ गतेसम्म "स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०८२ अनुरूप अनलाईन प्रणाली (LGPAS Portal) मार्फत हाल स्थानीय तहहरूबाट भएको कार्यसम्पादन मूल्याङ्कनको गुणस्तर परीक्षण (Quality Assurance) तथा सो को प्रमाणीकरण कार्यशाला काठमाडौंमा सम्पन्न भएको ।

३. यस कार्यक्रमको सहयोगमा मिति २०८३ भदौ १ गते "अन्तरसरकारी सम्बन्ध तथा आन्तरिक श्रोत परिचालन सम्बन्धी नीति संवाद कार्यक्रम" काठमाडौंमा सम्पन्न भएको ।

४. स्थानीय तहमा एकद्वार सेवा प्रवाह व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८३ मिति २०८३/६/२६ (माननीय मन्त्रिस्तर) बाट स्वीकृत भएको ।

५. सबै प्रदेशको केही स्थानीय तहहरूलाई OSSD प्रणालीमा स्थानीय तहको आयोजना तथा योजना व्यवस्थापन प्रणालीको मोडयुल थप कार्यशाला गोष्ठी सम्पन्न भई हाल कर्णाली प्रदेशका ८ वटा स्थानीय तहहरूलाई एकद्वार सेवा प्रवाह (OSSD) प्रणालीसम्बन्धी Validation Workshop तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको ।

६. मिति २०८३ असोज १९ गते विराटनगरमा "कूटनीतिक मामिला अन्तरसरकारी समन्वय तथा कोशी प्रदेश सरकार र प्रदेश समन्वय परिषद्का निर्णयहरूको कार्यान्वय अवस्था" सम्बन्धी एकदिवसीय अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरिएको ।

७. यस कार्यक्रमको आयोजनामा मिति २०८३ असोज २१ गते "राष्ट्रिय युवा संवाद कार्यक्रम" सम्पन्न गरिएको।

८. विश्वविद्यालयको सहकार्यमा हुने अध्ययनको प्रभावकारी कार्यान्वयन, अध्ययन विधि तथा प्रारूप सम्बन्धमा छलफल गरी सो कार्यलाई अन्तिम रूप दिने उद्देश्यले मिति २०८३ कार्तिक १० र ११ गते यस कार्यक्रमको आयोजनामा "सङ्घीयता सम्बन्धी तथ्यमा आधारित नीति अनुसन्धानको विधि सम्बन्धी छलफल " सम्पन्न गरिएको।

९. प्रदेश तथा स्थानीय तहमा कार्यक्रमको नियमित अनुगमन भइरहेको

१०. PLGSP को तेस्रो पक्षबाट गरिने अनुगमन (Third Party Monitoring) का लागि तथ्याङ्क सङ्कलन कार्य सम्पन्न भएको छ र प्रदेशस्तरमा प्रमाणीकरण कार्यशाला सञ्चालन भइरहेको छ।

११. यस मन्त्रालयका सचिवज्यूको अध्यक्षतामा "सबै प्रकारको जातीय भेदभाव उन्मूलन गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (International Convention on the Elimination of All Forms of Racial Discrimination- ICERD), १९६५ अन्तर्गत गठित समितिमा नेपाल सरकारको तर्फबाट पेश गर्नुपर्ने २४ औं देखि २७ औं आवधिक प्रतिवेदनको मस्यौदा तयार भई राष्टिय परामर्श बैठकमा प्रस्तुत भएको ।

१२. यस कार्यक्रमको स्वीकृत बार्षिक बजेट अनुसार "Nepal's Capacity Needs Assessment and Partnership Mapping Report" छपाई भै यस कार्यक्रमसंग सम्बन्धित सबै निकायहरूमा प्रेषित गरिएको ।

१३. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई "विषयगत समितिहरूले गरेका निर्णयहरूको कार्यान्वयन अवस्था सम्बन्धी समीक्षा तथा अन्तरक्रिया" कार्यक्रममा सहयोग गरिएको ।

१४. प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्षहरूसँग योजना तर्जुमा निर्माणको अन्तरसम्बन्ध बारे प्रारम्भिक कार्यशाला सम्पन्न गरिएको।

नेपाल सरकार
सिंहदरबार, काठमाडौं

## भूमि व्यवस्थापन तथा अभिलेख विभाग, बबरमहल, काठमाडौं

१. स्थानीय तहमा भूमि प्रशासन सम्बन्धी सेवा संचालन गर्न कोशी र मधेश प्रदेशका विभिन्न ८ वटा पालिकाहरु र सो पालिकामा काजमा खटिएका ७ वटा भूमि प्रशासन कार्यालय र नापी कार्यालयका कर्मचारीहरुलाई महोत्तरी जिल्लाको वर्दिवासमा (मिति २०८३/०४/८,९ र १० गतेसम्म) ३ कार्यदिनको अभिमुखीकरण तालिम कार्यक्रम संचालन गरिएको।

२. भूमि प्रशासन सम्बन्धी कार्य स्थानीय तहबाट संचालन सम्बन्धमा हालसम्म ३३ वटा पालिकाहरुबाट भूमि प्रशासन सम्बन्धी सेवा सुचारु भएको।

३. नेपाललाई ग्रे लिस्टबाट बाहिर निकाल्न, सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारणका लागि मालपोत नियमावली २०३६ अनुसार थप ७९ वटा सहित हालसम्म १९० वटा सूचक संस्थाहरुलाई घर जग्गा कारोवार गर्न इजाजत पत्र जारी गरिएको।

## नापी विभाग, मीनभवन, काठमाडौं

१. भूमि प्रशासन सम्बन्धी सेवा स्थानीय तहबाट समेत प्रवाह गर्ने प्रयोजनका लागि स्थानीय तहका जनशक्तिलाई NeLIS तथा मेरो कित्ता प्रणाली संचालन सम्बन्धी तालिम कार्यक्रममा प्रशिक्षण गरेको।

२. मिति २०८३/०४/२७ देखि २९ सम्म सञ्चालन भएको नेपाल भारत सीमा सम्बन्धी Survey Officials Committee (SOC) को १३ औं बैठकमा सहभागी भएको।

३. सरकारी तथा सार्वजनिक जग्गा नाप जाँच सम्बन्धी निर्देशिका, 2083 तयार भई स्वीकृत भएको।

४. आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेशको "स्थानीय तहको भूमि प्रशासन सम्बन्धी क्षमता अभिवृद्धी कार्यक्रम" मा NeLIS प्रणाली संचालन सम्बन्धी प्रयोगात्मक कक्षा सञ्चालन भएको।

५. वाढी प्रभावित क्षेत्रको पालिकागत नक्सा तयार गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा उपलब्ध गराइएको।

६. वाढी प्रभावित क्षेत्रको वडा अनुसारको कित्तागत विवरण राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण (NDRRMA) लाई उपलब्ध गराइएको।

७. राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमा GIS, Remote Sensing तथा जग्गा नापजाँच सम्बन्धी विषयमा प्राविधिक सहयोग गरेको।

८. ठूलो माननापको नक्सा तयार गर्न ४७ सिटको सडक संजाल, ७ सिटको Landcover डिजीटाइज गरिएको।

९. ४०६ सिट कित्ता नापी नक्सा scan,४१२ रिल फिल्डबुक Scan, भक्तपुर, बालकुमारिको microfilm fieldbook scan, १९४ सिट कित्ता नापी नक्सा Digitization भएको।

१०. भू-उपयोग वर्गीकरणका लागि ११ वटा स्थानीय तहमा प्राविधिक सहयोग उपलब्ध गराइएको।

११. ३०वटा स्थानिय तहबाट भूमी प्रशासन सेवा संचालन भएको।

**सहकारी रजिष्ट्रारको कार्यालय, नयाँबानेश्वर, काठमाडौं**

१. २०८३ असोज मसान्त सम्म २५,३५७ सहकारी संस्थाहरुको विवरण कोपोमिस प्रणालीमा प्रविष्ठ भएको।
२. कोपोमिस सम्बन्धी करिब ४०० गुनासो सम्बोधन।
३. २०८३ कार्तिक मसान्तसम्म विभिन्न निकायहरु (CIAA, सतर्कता, प्रहरी आदी) बाट २९५ गुनासोहरु प्राप्त भएकोमा २८३ वटा गुनासोहरु फछ्र्यौट भएको।
४. २०८३ असोज मसानत सम्म सम्पत्ति शुद्धीकरण निवारण कानूनको पालना सम्बन्धमा १२ वटा सहकारी संस्थाहरुको अनुगमन सम्पन्न भएको र गत आ.व.मा सम्पत्ति शुद्धीकरण निवारण कानूनको पालना सम्बन्धमा अनुगमन भई प्रतिवेदन प्राप्त सहकारी संस्थाहरु मध्ये १० वटा सहकारी संस्थाहरुलाई स्पष्टिकरण सोधिएको र ३ वटा सहकारी संस्थाहरुलाई निर्देशन दिइएको ।
५. गत आ.व. मा सघन अनुगमन सम्पन्न भई प्रतिवेदन प्राप्त १६ वटा सहकारी संस्थाहरुलाई निर्देशन दिइएको।
६. सहकारी ऐन, २०७४(संशोधन सहित) को दफा ५१ को उपदफा(१) बमोजिमको समितिको सिफारिसमा सहकारी संस्थाको प्रयोजनको लागि बचत तथा ऋणको सन्दर्भ व्याजदर पुनरावलोकन गरी निर्देशन जारी गरिएको।
७. सहकारी ऐन, २०७४(संशोधन सहित) को दफा ५० को उपदफा (९) को व्यवस्था कार्यान्वयनका लागि बचत तथा ऋण कारोवार गरिरहेका जिल्ला/ प्रदेश र केन्द्रस्तरका सहकारी संघहरुलाई निर्देशन जारी गरिएको।
८. साविकको सहकारी विभाग र हालको सहकारी रजिष्ट्रारको कार्यालयको नियमन क्षेत्राधिकारभित्र रहेका , लामो समयदेखि (साविकको विभाग हालको सहकारी रजिष्ट्रारको कार्यालयमा) पेश गर्नुपर्ने विवरणहरु पेश नगरेका साथै कोपोमिस प्रणालीमा पनि कुनै विवरण प्रविष्ट नगर्ने १२ वटा सहकारी संस्थाहरुलाई निष्कृय गरिने सम्बन्धी अन्तिम पटक सफाई पेश गर्न सूचना आह्वान ।
९. सहकारी रजिष्ट्रारको कार्यालयको स्वीकृत तालिम सञ्चालन कार्यविधि, २०८३ बमोजिम विज्ञ प्रशिक्षकको विवरण सूचि अद्यावधिक गर्न अनुभव र योग्यताको विवरण पेशको सूचना आह्वान ।
१०. सहकारी रजिष्ट्रारको कार्यालयको स्वीकृत तालिम सञ्चालन कार्यविधि, २०८३ को प्रावधान बमोजिम साझेदारीमा आधारित तालिम सञ्चालन गर्न इच्छुक सहकारी संस्था तथा सहकारी निकायलाई आशयपत्र मागको सूचना प्रकाशन।
११. २०८३ असोज मसान्त सम्म सहकारी मुख्य प्रशिक्षक प्रशिक्षण तालिम कार्यक्रम (MTOT) र ICAN, लेखापरीक्षणमान बोर्ड लगायतसँग अन्तरक्रिया कार्यक्रम सम्पन्न।

**निजामती कर्मचारी अस्पताल, नयाँबानेश्वर, काठमाडौं**

**आ.व. २०८३।८४ को पहिलो त्रैमासिकमा सम्पादित मुख्य मुख्य कामको विवरण**

१. सेवा प्रवाहतर्फ

| क्र.सं. | सेवा | आ.व. २०८३।८४ को पहिलो त्रैमासिकको विवरण | | | |
|---|---|---|---|---|---|
| | | साउन | भदौ | असोज | जम्मा |
| १ | बहिरङ्ग सेवा (निजामती) | ३५६९ | ३६९३ | ३३६७ | १०६२९ |



नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौं

| | | | | | |
|---|---|---|---|---|---|
| | बहिरङ्ग सेवा (सर्वसाधारण) | २९११५ | २८७८८ | २६४२८ | ८४३३१ |
| | जम्मा | ३२६८४ | ३२४८१ | २९७९५ | ९४९६० |
| २ | अन्तरङ्ग सेवा | ११३४ | ११३२ | १०९० | ३३५६ |
| ३ | इमर्जेन्सी सेवा | २२१९ | २१७६ | २२१० | ६६०५ |
| ४ | बेड अकुपेन्सी (प्रतिशत) | ८५ | ८१ | ८९ | |
| ५ | ल्याव सेवा | १२९१०३ | १२१००९ | १०९९८४ | ३६००९६ |
| ६ | इमेजिङ्ग सेवा | १४४९२ | १४८७७ | १३३०६ | ४२६७५ |
| ७ | शल्यक्रिया सेवा | ४८५ | ५०५ | ५०५ | १४९५ |
| ८ | प्रसुति सेवा | १४२ | १४८ | १३१ | ४२१ |

२. सहुलियत कार्ड दर्ता सम्बन्धी विवरण

| कर्मचारी | | आ.व.२०८२।८३ सम्म | आ.व.२०८३।८४ को पहिलो त्रैमासिक | | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | | साउन | भदौ | असोज | जम्मा | |
| निजामतीतर्फ | नयाँदर्ता | ८४३१० | २५० | २२४ | १८० | ६६४ | ८४९६४ |
| | प्रतिलिपी | १५७६ | ७८ | ५५ | ५१ | १८४ | १७६० |
| | जम्मा | ८५८८६ | ३२८ | २८९ | २३१ | ८४८ | ८६७३४ |
| राष्ट्रिय अनुसन्धान | नयाँदर्ता | १५४९ | ११ | १५ | १५ | ४१ | १५९० |
| | प्रतिलिपी | ४५ | १ | १ | ० | २ | ४७ |
| | जम्मा | १५९४ | १२ | १६ | १५ | ४३ | १६३७ |
| कुल जम्मा | | ८७४८० | ३४० | ३०५ | २४६ | ८९१ | ८८३७१ |

३. अन्य कार्यहरु:

- सिंहदरबारमा निजामती कर्मचारीको उपचारका लागि इकाई स्थापना गरिएको ।
- लक्षित वर्गका लागि निःशुल्क उपचार सेवा सुरु गरिएको ।
- आइतवार निजामती कर्मचारी परिवारका लागि ओपीडी सेवा सञ्चालन गरिएको ।
- शल्यक्रिया कक्ष थप १ वटा सञ्चालन गरिएको (जम्मा ७ कक्ष)।

डिजिटलाइजेशन सेवा (queue management, online payment) सञ्चालन गरिएको ।

<u>राष्ट्रिय किताबखाना (निजामती), हरिहरभवन, ललितपुर</u>

१. आ.व. २०८२/८३ को सम्पत्ति विवरण बुझाउनको लागि नियमित कार्यालय समयबाहेक विहान ७ बजेदेखि साँझ ६ बजेसम्म अतिरिक्त समयको निर्धारण गरी सेवा समय विस्तार गरिएको।

२. परिवर्तित सन्दर्भमा नयाँ संगठन सर्वेक्षण बमोजिम साविकका तीनवटा कार्यालयहरु राष्ट्रिय किताबखाना (निजामती), राष्ट्रिय किताबखाना (प्रहरी) र राष्ट्रिय किताबखाना (शिक्षक) लाई राष्ट्रिय किताबखानाको रुपमा एकीकृत गरी एउटै कार्यालय कोडबाट बजेट तथा कार्यक्रम सञ्चालन हुने स्थिति कायम गरिएको।

३. नेपाल सरकार, मन्त्रिपरिषदको मिति २०८३/०३/३२ गतेको बैठकबाट स्वीकृत संगठन तथा व्यवस्थापन सर्वेक्षण अनुसार विभिन्न १८ वटा मन्त्रालयको पद दर्तासम्बन्धी कार्य सम्पन्न गरेको।

४. मिति २०८३/०५/२९ गतेसम्म निजामती शाखातर्फ ७२,५०६, प्रहरी शाखातर्फ १,११,७७८ र शिक्षक शाखातर्फ ९७,६८८ थान सम्पत्ति विवरण दर्ता भएको।

५. शिक्षक शाखाका कर्मचारीहरुको लागि GIOMS मार्फत दर्ता चलानी र टिप्पणीसम्बन्धी अभिमुखीकरण कार्यक्रम साथै GIOMS को कार्यान्वयन समेत सुरुवात भएको।

६. शिक्षकहरुले पेश गरेको सिटरोल समेतको आधारमा २,००० जना शिक्षकहरुको सिटरोल समेतका अभिलेखहरुको डिजिटाइजेशन सम्पन्न भएको साथै निजामती शाखा अन्तर्गत फाइल शुद्धीकरण सम्बन्धी कार्य प्रारम्भ भएको र असोज मसान्तसम्म ४९६ वटा फाइल शुद्धीकरण सम्पन्न भएको।

७. शिक्षकहरु कार्यरत जिल्लाबाटै पेन्सन पट्टा प्राप्त गर्ने गरी ईपेन्सन प्रणाली विकास गरिएको। हाल उपत्यकाभित्रका काठमाण्डौ र भक्तपुर लगायत भोजपुर, कपिलवस्तु, रुपन्देही, सुर्खेत, दाङ, बाँके, बर्दिया, दोलखा जिल्लाबाट परीक्षणको रुपमा ई-पेन्सन सेवा शुरु गरिएको, बाँकी जिल्लाबाट क्रमशः यो प्रणाली सञ्चालन हुने अवस्था रहेको।

८. निजामती शाखाबाट मिति २०८३/०७/०१ गतेबाट अनिवार्य रुपमा विद्युतीय माध्यमबाट ई-सिटरोल र ई-पेन्सन सेवा लागु गर्ने गरी ७७ वटै जिल्लाला कोष तथा लेखा नियन्त्रक कार्यालयबाट समेत ई-पेन्सन सम्बन्धी कार्य भइरहेको।

९. राष्ट्रिय किताबखाना अन्तर्गत तीनवटै शाखाको खरिद व्यवस्थापनसम्बन्धी प्रारम्भिक कार्यहरु (लागत अनुमान तयारी, मूल्यांकन, आदि) भइरहेको। नियमित कार्यसम्पादनसँगै ई-पेन्सन, डिजिटाइजेशन जस्ता महत्वपूर्ण कार्यसम्पादनको लागि आवश्यक कर्मचारी व्यवस्थापन गर्न मन्त्रालयसँग निरन्तर समन्वय भइरहेको।

१०. निजामती शाखाबाट निवृत्तभरण, उपदान र पारिवारिक सुविधा गरी १००८ जनालाई यो अवधिमा सेवा प्रदान भएको, भौतिक रुपमा १८८ वटा सिटरोल दर्ता भएको देखिएको। हाल LMBIS लगायतका केही प्रणालीमा समस्या रहेको कारणले प्रगति विवरणलाई Statiscally प्रस्तुत गर्न नसकिएको।

११. निजामती शाखा अन्तर्गत तलबी प्रतिवेदन सम्बन्धी २०८३ असोज मसान्त सम्म ३५१ कार्यालयको तलबी प्रतिवेदन दर्ता भएकोमा ३४१ वटा कार्यालयको तलबी प्रतिवेदन पारित भएको।

१२. निवृत्तरभण व्यवस्थापन इकाई अन्तर्गत ९६७ जना कर्मचारीको निवृत्तभरण अधिकार पत्र तथा २१ जना कार्मचारीको उपदान जारी गरिएको।

१३. प्रतिवेदन अवधिमा हेलो सरकारमा प्राप्त १४ वटा गुनासोहरू शत प्रतिशत फर्छ्यौट भएको।

<u>नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, जावलाखेल, ललितपुर</u>

| क्र.स. | क्रियाकलापहरु | लक्ष्य | | प्रगति | |
|---|---|---|---|---|---|
| | | कार्यक्रम | सहभागी | कार्यक्रम | सहभागी |
| १ | लामो अवधि (३० कार्यदिन भन्दा बढी) | १२ | २९० | ११ | २६५ |
| २ | छोटो अवधि (३० कार्यदिन | ७ | १६५ | ६ | १४८ |

नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार, काठमाडौं

| | | | | | |
|---|---|---|---|---|---|
| | भन्दा कम) | | | | |
| ३ | छोटो अवधि सशुल्क कार्यक्रम | १६ | ३२० | १९ | ४०३ |
| जम्मा | | ३५ | ७७५ | ३६ | ८१६ |

**राष्ट्रिय सहकारी नियमन प्राधिकरण, पुल्चोक, ललितपुर**

१. Financial Cooperative Registration System (FCRS) प्रणालीबाट हालसम्म ५२४६ वटा सहकारी संस्थाहरुलाई इजाजत पत्र प्रदान गरिएको।
२. श्रावण १ गते देखि असोज मसन्तसम्ममा विभन्न प्रदेश र काठमाण्डौं उपत्यकमा सहित १३ वटामा सघन अनुगमन र १५ वटामा बिशेष अनुगमन गरी जम्मा २८ वटा सहकारी संस्थाहरुको अनुगमन गरिएको।
३. गत आ.ब.मा सघन अनुगमन गरिएका ६ वटा र श्रावण १ गते देखि असोज मसन्तसम्ममा सघन अनुगमन गरिएका १३ वटा सहकारी संस्था समेत गरी १९ वटामा निर्देशन पठाइएको।
४. प्राधिकरणको पहिलो बार्षिक प्रतिवेदन तयार गरी प्राधिकरण बैठकमा पेश गरिएको।
५. बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको निरिक्षण,सुपरिवेक्षण तथा अनुगमन कार्यविधिको निर्माण भई प्राधिकरण बैठकमा पेश गरिएको।
६. राष्ट्रिय सहकारी नियमन प्राधिकरणको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन र कर्मचारी प्रशासन विनियमावलीको मस्यौदा तयार गरी नेपाल सरकारको स्वीकृतीको लागि मन्त्रालय समक्ष पेश गरिएको।
७. श्रावण १ गते देखि असोज मसन्तसम्ममा ६८ वटा उजुरीहरु प्राप्त भएको र अघिल्लो आ.ब.मा प्राप्त भएका ८८० उजुरी मध्ये १७ वटा उजुरीहरु फछ्यौंट भएको।
८. श्रावण १ गते देखि असोज मसन्तसम्ममा बिभन्न सहकारीहरुबाट १३६ जना बचतकर्ताहरुको रु ५८,१७,५४३।- रकम बचत फिर्ता गराइएको।

**भूमि समस्या समाधान समिति, तहाचाल, काठमाडौं**

१. यस अवधिमा जम्मा १३५ थान ज.ध.प्र.पुर्जा वितरण भएका छन।(जसमा भूमिहिन दलित ११, भूमिहिन सुकुम्बासी ४१ र अव्यवस्थित बसोबासी ८३ रहेका छन)
२. यस अवधिमा जम्मा ५१,५९७ निवेदनहरु यस समितिको सूचना प्रणाली (NALCIS System) मा प्रविष्ट भएका छन।(जसमा भूमिहिन दलित ७०७०, भूमिहिन सुकुम्बासी ८०८३,अव्यवस्थित बसोबासी ३१३१७ र विगतका आयोगका अधुरा अपुरा ५१२७ रहेका छन)
३. यस अवधिमा जम्मा १९४७ कित्ता जग्गाको नापनक्शा सम्पन्न भएको छ।
४. यस अवधिमा भक्तपुर न.पा.सँग भूमिहिन दलित,भूमिहिन सुकुम्बासीलाइ जग्गा वितरण गर्ने र अब्यबस्थित बसोबासीको ब्यबस्थापन सम्वन्धमा सहमति पत्रमा हस्ताक्षर भई लगत संकलनको सूचना प्रकाशित भएको छ।

नेपाल सरकार भूमि व्यवस्था, सहकारी, गरिबी निवारण मन्त्रालय सिंहदरबार, काठमाडौं

**१०. सूचना अधिकारी, प्रवक्ता, सहायक प्रवक्ता, गुनासो सुन्ने अधिकारी र प्रमुखको नाम र पद**

| | |
|---|---|
| प्रमुख | सचिव श्री मदन भुजेल |
| प्रवक्ता | सहसचिव श्री गणेश भट्ट |
| सूचना अधिकारी | उपसचिव श्री कृष्ण गिरी |

**११.सूचनाहरु अन्यत्र प्रकाशन भएको विवरण**

मन्त्रालयका अधिकांश परिपत्र र सूचनाहरु मन्त्रालयको वेवसाईट www.molcfaga.gov.np मा नियमित प्रकाशन हुने गरेको, प्रत्येक स्थानीय तहको छुट्टाछुट्टै पोर्टल निर्माण गरि स्थानीय तहको पोर्टलमा समेत पठाउने गरिएको । साथै, विभाग, समिति, प्रतिष्ठान र स्थानीय तहहरुका सूचनाहरु तत् तत् निकायहरुमा प्रकाशित हुने गरेको छ।

**१२. मन्त्रालय/निकायमा परेको सूचना माग सम्बन्धी निवेदन**

आ.ब. २०८३/८४ को यस त्रैमासिकमा प्राप्त सूचना माग सम्बन्धी निवेदन १४ वटाको सूचना उपलब्ध गराइएको ३ वटा प्रक्रियामा रहेको ।

**१३. मन्त्रालयले गरेका सूचना सम्बन्धी थप कामहरु**

१. Digital Signature खरिद तथा कार्यान्वयन सम्बन्धी कार्य ।

२. एकीकृत वेबसाइट व्यवस्थापन प्रणाली (GIWMS) मा आधारित स्थानीयतहका वेबसाइट प्रणाली सञ्चालन सम्बन्धी बागमती प्रदेश स्तरीय एक दिवसीय अनलाइन तालिम सम्पन्न ।

३. साविकका मन्त्रालयहरू गाभी बनेको नयाँ मन्त्रालयको एकीकृत तथा अद्यावधिक विवरण सहितको नयाँ वेबसाइट molcfaga.gov.np सञ्चालनमा ल्याइएको

**१४. मन्त्रालयले गरेका कार्यक्रम र सो को प्रतिवेदन**

नियमित प्रकाशन गर्ने गरेको छ ।

**१५. मन्त्रालयले वर्गीकरण तथा संरक्षण गरेका सूचनाको विवरण**

यस मन्त्रालय अन्तर्गतका संरक्षण गर्नु पर्ने सूचनाहरुको वर्गीकरण गरी सो सम्बन्धी विवरण प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने प्रक्रियामा रहेको ।

**१६. ऐन, नियम तथा निर्देशिकाको सूचि**

१. **भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण सम्बन्धी ऐनहरू**

   १. भूउपयोग ऐन, २०७६
   २. भूमि सम्बन्धी ऐन, २०२१
   ३. बिर्ता उन्मूलन ऐन, २०१६
   ४. मालपोत ऐन, २०३४
   ५. जग्गा (नापजाँच) ऐन, २०१९
   ६. सहकारी ऐन, २०७४

७. राप्तीदुन विकास क्षेत्रको जमिनको व्यवस्था ऐन, २०२४
८. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ (केही दफा)
९. संयुक्त आवासको स्वामित्व सम्बन्धी ऐन, २०५४ - (केही दफा)
१०. मुलुकी देवानी संहिता ऐन, २०७४
११. सर्वोच्च अदालतद्वारा प्रतिपादित भूमिसम्बन्धी नजिर तथा सिद्धान्तहरू
१२. झोरा क्षेत्रको जग्गा दर्ता सम्बन्धी ऐन, २०२८
१३. उखडा सम्बन्धी ऐन, २०२१
१४. गुठी संस्थान ऐन, २०३३
१५. भू-उपयोग सम्बन्धी ऐन, २०७६
१६. गरिबी निवारण कोष ऐन, २०६३
१७. आदिवासी जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८
१८. कर्मचारी समायोजन ऐन, २०७५
१९. ट्रेड युनियन ऐन,२०४९
२०. निजामती सेवा ऐन, २०४९
२१. नेपाल प्रशासनिक प्रशिक्षण ऐन, २०३९
२२. संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७
२३. स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान ऐन, २०४९
२४. स्थानीय सरकार सञ्चालन ऐन, २०७४

२. नियमावलीहरू

१. भूउपयोग नियमावली, २०७९
२. मालपोत नियमावली, २०३४
३. भूमि सम्बन्धी नियमहरू, २०२१
४. जग्गा (नापजाँच) नियमावली, २०५८
५. गुठी संस्थान नियमावली, २०४९
६. सहकारी नियमावली, २०७५
७. कर्मचारी समायोजन नियमावली, २०७४
८. ट्रेड युनियन नियमावली, २०५०
९. निजामती कर्मचारी कल्याणकारी कोष नियमावली, २०७२
१०. निजामती कर्मचारी योगदान कोष (सञ्चालन) नियमावली, २०६९
११. निजामती सेवा नियमावली, २०५०
१२. निजामती सेवाका कर्मचारीको आचरण सम्बन्धी नियमावली, २०६५
१३. नेपाल आर्थिक योजना तथा तथ्याङ्क सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति) नियमहरु, २०५१
१४. नेपाल इन्जिनियरिङ्ग सेवा (गठन, समुह तथा श्रेणी विभाजन र नियुक्ति)
१५. नेपाल प्रशासन सेवा (गठन, समुह तथा श्रेणी विभाजन र नियुक्ति) नियमहरु, २०५०
१६. नेपाल विविध सेवा (गठन, समुह तथा श्रेणी विभाजन र नियुक्ति) नियमहरु, २०५०



भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय नेपाल सरकार सिंहदरबार, काठमाडौं

१७. हदबन्दी जग्गा राष्ट्रियकरण नियमहरू, २०३३
१८. घरजग्गा कर नियमहरू, २०२० (केही नियम)
१९. झोरा क्षेत्रको जग्गा सम्बन्धी नियमावली, २०२८
२०. रासीदुन विकास क्षेत्रको जमिनको बिक्री वितरण व्यवस्था नियमावली, २०३४
२१. बिर्ता उन्मूलन नियमावली, २०१७
२२. संयुक्त आवासको स्वामित्व सम्बन्धी नियमावली, २०६०
२३. उखडा सम्बन्धी नियमहरू, २०२१
२४. मुलुकी देवानी (संहिता) कार्यविधि नियमावली, २०७५
२५. भूमि सम्बन्धी (बीसौं संशोधन) नियमहरू, २०८१

**३. गठन आदेश**

१. भूमि समस्या समाधान आयोग गठन आदेश, २०८१

**४. निर्देशिकाहरू**

१. सहकारी संस्थाको लेखापरीक्षण निर्देशिका, २०७५
२. बचत ऋणको मुख्य कारोबार गर्ने सहकारी पर्यवेक्षण निरीक्षण तथा अनुगमन निर्देशिका, २०७७
३. डिजिटल डाटाको वितरण प्रयोग र नियमन निर्देशिका, २०६९
४. गाउँब्लक क्षेत्रको नापजाँच सम्बन्धी निर्देशिका, २०७७
५. जग्गा नापजाँच तथा नक्सा श्रेस्ता अद्यावधिक सम्बन्धी निर्देशिका, २०८१
६. भूमि प्रशासन निर्देशिका, २०८१
७. भूउपयोग कार्यक्रम कार्यान्वयन निर्देशिका, २०८१

**५. कार्यविधिहरू**

१. भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलन सम्बन्धी कार्यविधि, २०८१
२. भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई जग्गा उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०८१
३. सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली सञ्चालन कार्यविधि, २०७७
४. भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको पहिचान तथा प्रमाणीकरण आधार र मापदण्ड, २०७८
५. हवाई सर्वेक्षण अनुमति कार्यविधि, २०७९
६. सहकारी संस्थालाई अनुदान उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७९
७. विगतका आयोग, समिति र कार्यदलका बाँकी काम सम्पन्न गर्ने सम्बन्धी कार्यविधि, २०८१
८. एकिकृत अनुगमन तथा निरीक्षण कार्यविधि, २०८०

**६. नीतिहरू**

१. राष्ट्रिय सहकारी नीति, २०६९
२. भू-उपयोग नीति, २०७२



नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
सिंहदरबार, काठमाडौं

३. राष्ट्रिय भूमि नीति, २०७५
४. गरिबी निवारण नीति, २०७४

७. कार्यनीति

१. सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी (पहिलो संशोधन) कार्यनीति, २०८२

नोटः प्रस्तुत विवरण भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार, काठमाडौंको वेवसाइट www.molcfaga.gov.np मा समेत हेर्न सकिन्छ ।